का.जि.प्र.का.द.नं. १००/०५९/६०
१४ वैशाख २०८२, आइतबार
27 April, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक ८४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# देउवाको एकै बचनमा ओली ढुक्क

## एमाले र सरकारविरुद्ध बोल्नेमाथि तत्काल प्रतिवाद गर्न सांसदहरूलाई निर्देशन

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १३ वैशाख ।

नेकपा एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली सरकार हलचल नहुनेमा ढुक्क भएका छन् । बिहीबारसम्म सत्ता समीकरण नै टुट्ने व्यापक चर्चा भइरहेको अवस्थामा कांग्रेस सभापति शेरबहादुर देउवाले शुक्रबार थाइल्यान्ड भ्रमणबाट फर्किएलगत्तै सरकार परिवर्तनको सन्दर्भमा अहिले केही नहुने बताएपछि ओलीको मन शान्त भएको हो ।

पूर्वप्रधानमन्त्री देउवा आँखा र पेटको स्वास्थ्य परीक्षण सकेर थाइल्यान्डबाट नेपाल फर्कनासाथ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूले गठबन्धनमा खटपट भएको हो ? भन्ने प्रश्न गरेका थिए । उक्त प्रश्नमा देउवाले 'सत्ता समीकरण फेरबदल हुँदैन' भन्ने जबाफ दिएका थिए ।

संचारकर्मीले गरेको दोस्रो प्रश्नमा पनि देउवाले 'गठबन्धमा केही भएको छैन, गठबन्धन टिक्छ' भनेपछि प्रधानमन्त्री ओली सरकारमा गडबड नहुनेमा ढुक्क भएका हुन् ।

उसै पनि देउवा भरोसायोग्य नेता मानिने र उनले हुन्छ भनेपछि इमान्दारीसाथ आफ्नो समर्थन वा विरोध जे हो, त्यसमा डटेर लाग्ने देउवाको बानीलाई पछिल्लो समय राजनीतिक वृत्तमा महत्वपूर्ण सूचकका रूपमा हेरिएको छ ।

देउवाले समर्थन गरुन्जेल ओली सरकारमा कुनै तलमाथि नहुने राजनीतिक विश्लेषकहरू बताउँछन् । देउवाको सोही बानीको प्रभाव प्रधानमन्त्री ओलीलाई परेका कारण उनी अहिले नै सरकारको गठबन्धनमा कुनै समस्या नआउनेमा ढुक्क छन् ।

सरकार परिवर्तनका सन्दर्भमा टिप्पणी गर्दै परराष्ट्रमन्त्री डा. आरजू राणा देउवाले 'इन्टरटेन्मेन्ट'का लागि सरकार परिवर्तनको हल्ला चलाइएको बताएकी छन् । यसले ओलीलाई ढुक्क हुन थप बल पऱ्याएको छ ।

गत हप्ता पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले देउवालाई प्रधानमन्त्री भइदिन प्रस्ताव राखे पनि देउवाले ओलीलाई धोका नदिने बताएका थिए । तर, ओली र प्रचण्डले देउवालाई पटक-पटक धोका दिए पनि देउवाले यही अवस्थामा प्रचण्ड वा कसैले भनेकै भरमा सरकार परिवर्तनको पक्षमा छैनन् । यद्यपि, नेपाली कांग्रेसका अधिकांश नेताहरूले सरकारको व्यापक आलोचना गरिरहेका छन् ।

कांग्रेस-एमाले गठबन्धनको वर्तमान सरकार कुनै प्रशासनिक संरचना चलाउन नभई जनतालाई सुशासन दिन र संविधान संशोधनको मुख्य एजेन्डा लिएर बनेको नेपाली कांग्रेसका केन्द्रीय सदस्य एनपी साउदले टिप्पणी गरे ।

'अहिले सरकार रहन्छ कि रहँदैन भन्दा पनि यो व्यवस्था र संविधान रहन्छ कि रहँदैन भन्ने मूल कुरा हो', उनले भने, 'कांग्रेस-एमाले गठबन्धनको सरकार यस्तै गतिविधिका लागि बनेको होइन । यो गठबन्धनको मूल एजेन्डा संविधानको रक्षा र यो संविधानमा संशोधन हो । तर, यो सरकार त्यसतर्फ केन्द्रित छैन ।' »» पृष्ठ २ मा

### ओलीले सांसदहरूलाई दिएका प्रमुख निर्देशनहरू

- सबै माननीयहरूले दस्ताबेजहरू राम्ररी अध्ययन, चिन्तन, मनन गरी परिस्थितिलाई बुझ्रेर काम गर्ने ।
- पार्टीको विरुद्धमा कसैले गलत ढंगले बोल्छ भने त्यसको प्रतिवाद तत्काल छिटा`छरितो रूपमा गर्ने ।
- कसैले सरकार ढल्यो भन्दैमा हल्लाको पछाडि नलाग्ने, मिसन- ८४ मा लाग्ने ।
- जनताका आवाजहरू प्रतिबिम्बित हुनेगरी अर्थपूर्ण, मर्यादित र साहसिक ढंगले संसद्मा प्रस्तुत हुने ।
- राष्ट्रलाई कमजोर पार्ने खालका प्रवृत्तिहरूलाई तीखो रूपमा आलोचना गर्ने ।
- गलत ढंगका विधेयक पारित भए भने विकास निर्माण तथा जनतालाई दिइने सेवा सुविधामा प्रत्यक्ष असर पर्ने र राजनीतिक विचारमा समेत असर पर्ने भएकाले सही विधेयकहरू ठीक ढंगले पारित गर्ने वातावरण बनाउने, गलत विधेयक पारित नगराउन भूमिका खेल्ने ।
- आत्मविश्वास, पूर्वतयारी र एमालेपनका साथ संसद्मा प्रस्तुतीकरण दिने ।

# सरकार–शिक्षक वार्ता निष्कर्षविहीन

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १३ वैशाख ।

सरकार र आन्दोलनरत नेपाल शिक्षक महासंघबीच भएको वार्ता बिनानिष्कर्ष टुंगिएको छ । शिक्षामन्त्री रघुजी पन्तको उपस्थितिमा शिक्षा मन्त्रालयमा शनिबार बिहान भएको वार्तामा कुनै सहमति नभएको नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले बताए । उनले वार्ता बिनानिष्कर्ष टुंगिएको जनाए ।

नयाँ शिक्षामन्त्रीमा रघुजी पन्त नियुक्त भएपछि सरकार र शिक्षक महासंघबीच पहिलो पटक वार्ता भएको हो ।

वार्तामा छलफल र संवादलाई निरन्तरता दिने निर्णय भएको अध्यक्ष सुवेदीले बताए । उनका अनुसार छलफललाई निरन्तरता दिँदै २ पक्षीय सहमतिका लागि संवाद जारी राख्ने निर्णय भएको हो । अर्को बैठक कहिले बस्ने भन्ने टुंगो नभएको पनि अध्यक्ष सुवेदीले बताए ।



वार्तामा सहभागी नेपाल विद्यालय कर्मचारी परिषद्का अध्यक्ष गंगाराम तिवारीले आफूहरूले पेस गरेका माग र मुद्दामा मन्त्रालयले यथेष्ट जानकारी गराएपछि मात्र निकास आउने बताए ।

वार्तामा महासंघले आफ्ना मागहरू मन्त्री पन्त समक्ष राखेका थिए । जबाफमा मन्त्री पन्तले शिक्षकहरूले उठाएका माग पूरा गर्न सक्दो कोसिस गर्ने बताए । अध्यक्ष सुवेदीले सरकारसँग वार्ता सुरु भए पनि शिक्षकहरूको आन्दोलन जारी रहने सुनाए । »» पृष्ठ २ मा

### कांग्रेस महामन्त्रीद्वय थापा र शर्माको पहल

यसैबीच आन्दोलनतर शिक्षकहरूसँग नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले सहमति जुटाउने प्रयासस्वरूप संवाद गरेका छन् । पार्टी सभापति शेरबहादुर देउवासहितले शिक्षकहरूलाई विद्यालय फर्काउने वातावरणमा लाग्न दिएको जिम्मेवारीअनुरूप थापा र शर्माले »» पृष्ठ २ मा



## भारत–पाकिस्तान द्वन्द्व

# दक्षिण एसियामा जोखिम

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १३ वैशाख ।

भारतको जम्मु-कश्मीरको पहलगाममा २२ अप्रिलमा १ नेपालीसहित २८ जनाको हत्या हुनेगरी भएको आतंककारी आक्रमणपछि भारत र पाकिस्तानबीच द्वन्द्व बढेको छ ।

भारत र पाकिस्तानलाई बिझाइरहने कश्मीर दुवैका लागि पुरानो घाउ हो । कश्मीरको पूरा भूमिमा दुवैको दाबी छ ।

भारत प्रशासित कश्मीरमा धेरै आतंकवादी हमला हुन्छन् । भारत त्यसको आरोप पाकिस्तानमाथि लगाउँछ । पाकिस्तान भारतको 'आन्तरिक आतंकवाद' भन्छ ।

भारत विभाजन भएर पाकिस्तान बनेपछि दुवै देशले कश्मीरमा आफ्नो पूर्ण स्वामित्व हुनुपर्ने दाबी गर्दै आइरहँदा २ देशबीच पटक-पटक द्वन्द्व र लडाइँ हुँदै आएका छन् । सन् १९८९ यता »» पृष्ठ २ मा



भारत-पाकिस्तान टकराव बढ्यो भने छिमेकी देशहरूमा असुरक्षाको स्थिति बढ्न सक्छ

■ **रामप्रसाद भट्टराई**
सुरक्षामामिलाका विज्ञ



सीमामा नेपाल प्रहरीको उपस्थिति बलियो छ । २ देशको बढ्दो तनावले नेपालको सुरक्षामाथि खतरा छैन

■ **दिनेशकुमार आचार्य**
प्रवक्ता, नेपाल प्रहरी

### द्वन्द्वको सम्भावित असर

पहलगाम आक्रमणपछि परमाणु अस्त्र सम्पन्न भारत र पाकिस्तानबीच तनाव चर्किंदा सबैतिर चासो र चिन्ता बढेको छ । यसले नेपालसहित दक्षिण एसियामा सम्भावित जोखिम बढाउन सक्ने चिन्ता जानकारहरूले गरेका छन् । विश्लेषकहरू यस घटनाका »» पृष्ठ २ मा

### नेपालमा प्रभाव

जानकारहरू यस घटनापछि नेपालको सुरक्षा, अर्थतन्त्र र कूटनीतिक क्षेत्रहरूमा गम्भीर प्रभाव पर्ने सम्भावना भएको बताउँछन् । घटनाले भारत-पाकिस्तान तनाव बढाउँदै गर्दा नेपालको खुल्ला सीमामा आतंकवादी गतिविधिको जोखिम र क्षेत्रीय स्थिरतामा थप चुनौती उत्पन्न गर्ने छ । »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मलेसिया रोजगारी
# न्यूनतम तलब नदिने कम्पनीको मागपत्र प्रमाणीकरण नगरिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ वैशाख ।

मलेसियास्थित नेपाली राजदूतावासले सेक्युरिटी गार्डको न्यूनतम तलब कार्यान्वयन नगर्ने कम्पनीको नयाँ मागपत्र प्रमाणीकरण नगरिने बताएको छ ।

मलेसिया गत फेब्रुअरी पहिलो तारिखदेखि स्वदेशी तथा विदेशी कामदारको तलब त्यसअघिका »» पृष्ठ २ मा

### मलेसिया रोजगारीमा सिण्डिकेटको प्रतिवाद गर्न आग्रह

**काठमाडौं/मस**–प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले मलेसियाको रोजगारीमा कामदार भर्नाका सन्दर्भमा देखिने सबै सिण्डिकेट गतिविधिहरूको प्रतिवाद गर्ने २५ वटा वैदेशिक रोजगार व्यवसायीहरूलाई मात्र अनुमति दिइने गरि नियोजित रूपमा सिण्डिकेटको पक्षमा प्रक्रिया बनाइएको भन्दै त्यस्तो सिण्डिकेटमा सहभागी नहुन सबैलाई आह्वान गरेको छ ।

मलेसियाको वैदेशिक रोजगारी क्षेत्रमा पुनः सुरुवात भएको अवस्थामा नेपालबाट मलेसिया कामदार पठाउन केवल २५ वटा वैदेशिक रोजगार व्यवसायीहरूलाई मात्र अनुमति दिइने गरि नियोजित रूपमा सिण्डिकेटको पक्षमा प्रक्रिया »» पृष्ठ २ मा

## Press Release

Resumption of Malaysia's Foreign Employment Sector and Warning Against Syndicate Activities

The Malaysia foreign employment sector, a major destination for Nepalese workers, is set to resume operations after a period of closure. During this suspension, several national and international groups have been spreading rumors, claiming that only 25 selected recruitment agencies will be authorized to send workers from Nepal to Malaysia through a system deliberately designed to favor a syndicate.

We wish to clarify that such syndicates—groups that manipulate and disrupt the legitimate operations of foreign employment—are strictly prohibited by the Constitution of Nepal as well as international labor laws. These unethical practices pose a serious threat to the transparency and integrity of the recruitment process.

Certain groups have projected themselves as having undue influence over both Malaysian and Nepalese authorities. They have misled Nepalese recruitment agencies by offering promises of exclusive access to the Malaysian job market through these so-called "listed" agencies , which are allegedly part of a syndicate.

PFFEAN central committee strongly urge all foreign employment agencies in Nepal to refrain from engaging in such illegal and unethical practices. It has come to PFFEAN attention that these syndicates are soliciting large sums of money in exchange for the opportunity to send workers through select companies—an act that is not only illegal but also undermines fair competition and trust in the industry.

Any recruitment agency found to be involved in such anti-business and unlawful activities will face strict legal consequences. PFFEAN call upon the relevant authorities to thoroughly investigate and take immediate action against individuals or organizations involved in these illegal syndicate operations.

Let us work together to ensure a transparent, ethical, and fair foreign employment process for all.

**Janak Rawal**
**President**

**PROGRESSIVE FORUM OF FOREIGN EMPLOYMENT AGENCIES, NEPAL**
**Pingalasthan, Kathmandu**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१४ वैशाख २०८२ आइतबार
27 April 2025, Sunday

# राजनीति पेचिलो बनेको छ : प्रचण्ड

**काठमाडौं/मस–** नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले वर्तमान सरकार सुशासनविरुद्ध खडा गरिएको विचौलियाहरुको सरकार भएको टिप्पणी गरेका छन् ।

काठमाडौंमा शनिबार आयोजित एक कार्यक्रममा बोल्दै अध्यक्ष दाहालले अहिलेको सरकार गैरजिम्मेवार र सुशासन विरोधी भएको आरोप लगाए ।

अलिकति पनि राजनीतिक विवेक राख्ने, ज्ञान राख्ने मान्छेले अहिलेको सरकार विचौलियाको हो भनेर स्वीकार गरिसकेको उनको भनाइ छ। उनले अहिलेको सरकारले दलाल पुँजीपति, विचौलिया र नोकरशाहहरूको हित गर्ने, भ्रष्टाचारीहरूको रक्षा गर्ने, राम्रो काम गर्नेहरूलाई प्रताडीत गर्ने काम गरिरहेको पनि आरोप लगाए ।




सडकमा लाखौंको संख्यामा शिक्षकहरूले आन्दोलन गरिरहँदा उनीहरूका माग पूरा गर्नुको सट्टा सरकार र सरकारको नेतृत्व गैरजिम्मेवार ढंगले शिक्षा क्षेत्रलाई अराजक बनाउने र शिक्षकहरूलाई अपमानित गरेको बताए ।

उनले शिक्षकहरूसँग भएका सम्झौता पूर्णतः कार्यान्वयन हुनुपर्ने जोड दिए। माओवादी केन्द्र शिक्षकहरूसँग भएका सहमतिअनुसार माग पूरा गर्नुपर्ने, छोटो बाटोबाट गएर पनि शिक्षा ऐन पारित गर्नु पर्ने पक्षमा रहेको अध्यक्ष दाहालले उल्लेख गरे । अध्यक्ष दाहालले अहिले माओवादीहरूका हातमा बन्दुक नरहेकाले प्रचार संयन्त्रमार्फतै बुर्जुवाहरूविरुद्धको लडाइँ लड्नुपर्ने बताए । उनले अहिले बन्दुक चलाएर अगाडि बढ्ने परिस्थिति पनि नभएको बताउँदै प्रचार संयन्त्रमार्फत् नै वैदेशिक प्रतिक्रियावाद, देशभित्रका सबै यथास्थितिवादी र प्रतिगामी षड्यन्त्रविरुद्ध लड्न आवश्यक रहेको उल्लेख गरे । अध्यक्ष दाहालले अहिले देशको राजनीति निकै पेचिलो परिस्थितिबाट अघि बढिरहेको पनि बताए ।

# नेपाली कांग्रेसकी सांसद माया राई पक्राउ

**काठमाडौं/मस–** सहकारी ठगी प्रकरणमा प्रमुख सत्ता साझेदार दल नेपाली कांग्रेसकी सांसद माया राई पक्राउ परेकी छन् । उनलाई कालिमाटीस्थित स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन गरेको आरोपमा प्रहरीले थप अनुसन्धानका लागि पक्राउ गरेको छ ।

काठमाडौंको कपनबाट प्रहरीले सासद राईलाई पक्राउ परेकी हुन् । उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख तथा एसएसपी रमेश बस्नेतले सांसद राई कपनबाट पक्राउ परेको पुष्टि गरेका छन् । सहकारी ठगी र संगठित अपराधको कसुरमा काठमाडौं जिल्ला अदालतबाट



पक्राउ पुर्जी जारी हुँदा पनि उनी लामो समयदेखि फरार थिइन् ।

प्रहरीका अनुसार राईलाई आइतबार काठमाडौं जिल्ला अदालत उपस्थित गराइने छ ।

रकम अपचलनमा मुद्दा चलाउन सिफारिस भइसकेकोले आइतबार नै अदालत उपस्थित गराउन लागिएको हो ।

राई स्वर्णलक्ष्मी सहकारीको सञ्चालक समितिमा रहेर सहसचिव पदमा कार्यरत थिइन्। राईलाई भने यो मुद्दामा उन्मुक्ति दिइएको भन्दै चौतर्फी आलोचना भएको थियो ।

स्वर्णलक्ष्मी सहकारीको २ अर्ब ६५ करोड रकम हिनामिनामा संलग्न रहेको आरोप लागेको छ । उनी आर्थिक वर्ष २०७३/०७४ र आर्थिक वर्ष २०७४/०७५ देखि २०७५/०७६ सम्म उक्त सहकारीको सञ्चालक समितिमा थिइन् ।

सहकारीको रकम हिनामिनाका सम्बन्धमा प्रहरीले विभिन्न व्यक्तिविरुद्ध गत पुसमै जिल्ला अदालतमा मुद्दा लगेको थियो ।

# 'नेपाल सदैव आतंकवादको विपक्षमा छ'



**काठमाडौं/मस–** परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले नेपाल सदैव आतंकवादको विपक्षमा रहेको र जुनसुकै प्रकृतिको आतंकवादको कडा शब्दमा निन्दा गर्ने बताएकी छन् ।

भारत, काश्मिरको पहलगाममा भएको आतंककारी हमलामा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न नेपालस्थित भारतीय दूतावासद्वारा शनिबार आयोजित सभामा उनले नेपाल सधैं आतंकवादको विरुद्धमा र शान्तिको पक्षमा रहेको स्पष्ट गरेकी हुन् ।

मन्त्री डा.राणाले भनिन्, 'नेपालले आतंकवादको सबै स्वरुप र अभिव्यक्तिहरूको कडा निन्दा गर्दछ। नेपाल जहाँ, जहिले र जुनसुकै उद्देश्यका लागि गरिने आतंकवादी क्रियाकलापको सदैव विपक्षमा उभिन्छ ।'

आतंकवादका विषयमा व्यवहार गर्दा कहिल्यै दोहोरो मापदण्ड अपनाउन नहुने बताउँदै उनले नेपाल आफ्नो भूमि कुनै पनि आतंकवादी समूहले कुनै पनि कारण र कुनै पनि देश तथा जनताविरुद्ध प्रयोग गर्न नसकोस् भन्ने पक्षमा दृढतापूर्वक प्रतिबद्ध रहेको स्पष्ट गरिन् ।

यसैले काश्मिरको पहलगाममा भएको आतंकवादी हमलाको पनि नेपालले कडा शब्दमा निन्दा र भर्त्सना गरेको मन्त्री डा.राणाले बताइन् ।

उनले यस दुःखको घडीमा भारत सरकार र भारतीय जनताको पक्षमा नेपाल उभिएको र आतंकवादविरुद्धको लडाइँमा भारतसँग काँधमा काँध मिलाएको बताइन् । नेपाल र भारतबीच गहिरो सम्बन्ध रहेको स्मरण गर्दै मन्त्री डा.राणाले यो सम्बन्ध केवल कूटनीतिको विषय मात्र नभएर सदियौँदेखिको साझा इतिहास, संस्कृति र सहकार्य पनि रहेको बताइन् ।

'हाम्रा खुला सिमानाहरू एकापसका विश्वासका प्रतीक हुन् र हाम्रा पारिवारिक सम्बन्धहरूले आपसमा नाता पनि गाँस्दछन् । हामी सधैं खुसी या संकटको समयमा एकसाथ उभिएका छौं। भूकम्पले नेपाललाई तहसनहस पार्दा सबैभन्दा पहिला सहयोगको हात अगाडि बढाएको भारतले नै हो', उनले भनिन् ।

मन्त्री डा.राणाले पहलगाम त्रासदीको सिकार भएका नेपाली युवा सुदीप न्यौपानेको शव र अन्य प्रभावितहरूलाई नेपाल ल्याउन सहयोग गरेकामा भारत सरकारलाई धन्यवाद पनि दिइन् ।

त्यस अवसरमा उनले उक्त आतंकवादी हमलामा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकमा रहेका परिवारजनमा समवेदना प्रकट गरिन् ।

# कांग्रेस नेता तीर्थराम डंगोलको निधन



**काठमाडौं/मस–** नेपाली कांग्रेसका नेता एवम् पूर्वस्वास्थ्य राज्यमन्त्री तीर्थराम डंगोलको निधन भएको छ ।

लामो समयदेखि प्रोष्टेज क्यान्सर र मिर्गौलाको उपचार गराइरहेका डंगोलको शुक्रबार सिनामंगलस्थित केएमसी अस्पतालमा निधन भएको उनको परिवार स्रोतले जनाएको छ ।

विसं २००४ सालमा काठमाडौंमा जन्मिएका ७७ वर्षीय उनी कांग्रेस काठमाडौंको कोषाध्यक्ष र जिल्ला सभापति तथा काठमाडौं महानगरपालिकाको पूर्वउपप्रमुख समेत हुन् ।

नेपाली राजनीतिमा जुझारू नेताका परिचय बनाएका डंगोल विसं २०६२/६३ को जनआन्दोलनमा काठमाडौंमा कमाण्डरका रूपमा खटिएका थिए ।

उनका श्रीमती हुन् । उनको नाममा स्थापित ट्रष्टले हरेक वर्ष शिक्षा, पत्रकारिता, नेपाल भाषामा योगदान पुऱ्याउने व्यक्तित्वलाई पुरस्कार प्रदान गर्दै आएको छ । उनको पार्थिव शरीर श्रद्धाञ्जलीका लागि पार्टी केन्द्रीय कार्यालयमा बिहान ११ देखि दिउँसो १ बजेसम्म राखिएको थियो। उनको शनिबार नै टेकू दोभानमा अन्त्येष्टि गरिएको छ।

# फोटो पत्रकारिता लोकतान्त्रिक समाजको महत्वपूर्ण अंगः सभामुख घिमिरे

**काठमाडौं/मस**-सभामुख देवराज घिमिरेले फोटो पत्रकारिता लोकतान्त्रिक समाजको महत्वपूर्ण अंग भएको बताउँदै फोटो पत्रकारिताले देशको वास्तविक ऐना प्रस्तुत गर्ने महत्वपूर्ण भूमिका निर्वाह गरेको बताएका छन् ।

राष्ट्रिय फोटो पत्रकार समूह (एनएफएपिजे) नेपालको आयोजनामा शनिबार ललितपुरमा सम्पन्न 'पाँचौं राष्ट्रिय फोटो पत्रकारिता अवार्ड २०२५' समारोहमा प्रमुख अतिथि सभामुख घिमिरेले प्रजातन्त्र, लोकतन्त्र र लोकतान्त्रिक गणतन्त्रमा पत्रकारिता मात्र नभइ फोटो पत्रकारिताले पनि उल्लेखनीय योगदान पुऱ्याएको स्पष्ट पारे ।

उनले तस्वीरहरूमार्फत हजारौं भ्रमात्मक सन्देशलाई खण्डन गर्दै देशको यथार्थ चित्रण उजागर गर्ने काम फोटो पत्रकारहरूले गर्दै आएको उल्लेख गरे ।

सभामुख घिमिरेले फोटो पत्रकारिताले विगतदेखि वर्तमान हुँदै भविष्यसम्म हाम्रो यात्रालाई डोहोऱ्याएको बताए ।

उनले गत चैत्र १५ गते पत्रकार सुरेश रजकले ज्यान गुमाएको घटनालाई स्मरण गर्दै फोटो पत्रकारिता जोखिमपूर्ण र चुनौतीपूर्ण पेसा भएको प्रष्ट पारे । घिमिरेले फोटो पत्रकारिताको योगदानलाई देशले चिनेको भन्दै आगामी दिनमा फोटो पत्रकारिताका अप्ठ्यारा र चुनौतीलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

यस्तै कार्यक्रमका विशेष अतिथि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले अप्ठ्यारो परिस्थितिमा समेत फोटो पत्रकारहरूले निष्पक्ष ढंगले सत्य उजागर गर्ने कार्य गरेको भन्दै प्रशंसा गरे ।

उनले शब्दलाई बंग्याएर राख्न सकिएला तर फोटो पत्रकारिताले निष्पक्षतापूर्वक दुष्प्रचारलाई खण्डन गर्ने क्षमता राख्ने बताए ।

मन्त्री खड्काले आफूलाई जोखिममा पारेर श्रव्यदृश्यसहितको सूचना दिने विधा फोटो पत्रकारिता रहेको उल्लेख गर्दै देशभरिका फोटो पत्रकारहरूलाई सम्मान गरेर आगामी पुस्तालाई थप ऊर्जा



प्रदान गरिएको बताए । उनले आज सफल फोटो पत्रकारहरूले भोलिको पुस्तालाई ऊर्जाशील बनाएको भन्दै शुभकामना पनि व्यक्त गरे ।

समारोहमा विभिन्न विधाका उत्कृष्ट फोटो पत्रकारहरूलाई पुरस्कृत गरिएको थियो ।

नेपाल टेलिकम दैनिक जीवन फोटो पत्रकारिता अवार्ड नयाँ पत्रिकाका दीपेन्द्र ढुंगानाले प्राप्त गरेका छन् । पन्चकन्या ग्रुप महिला फोटो पत्रकारिता अवार्ड गोरखापत्र दैनिककी कविता थापाले जितेकी छन् ।

सूर्यज्योति लाइफ इन्स्योरेन्स राजनीतिक फोटो पत्रकारिता अवार्ड द हिमालयन टाइम्सका स्कन्द गौतमले पाएका छन् । डिश होम इन्टरनेट खेलकुद फोटो पत्रकारिता अवार्ड उदिप्त सिंह क्षेत्रीलाई प्रदान गरिएको छ ।

कृषि विकास बैंक स्वतन्त्र फोटो पत्रकारिता अवार्ड नेपाल आर्मीका फोटो पत्रकार राजिब हेन्गाजुले जितेका छन्। एडभेन्चर आउटडोर पर्यटन तथा संस्कृति फोटो पत्रकारिता अवार्ड गोरखापत्र अनलाइनका मनोजरत्न शाहीलाई प्रदान गरिएको छ ।

राष्ट्रिय वाणिज्य बैंक मनोरञ्जन फोटो पत्रकारिता अवार्ड अन्नपूर्ण पोस्ट डटकमका अभिषेक महर्जनले पाएका छन् भने ग्लोबल आइएमई बैंक आर्थिक फोटो पत्रकारिता अवार्ड अनलाइन खबर डटकमका चन्द्रबहादुर आलेले प्राप्त गरेका छन् ।

प्रदेशस्तरमा समेत उत्कृष्ट फोटो पत्रकारहरूलाई सम्मान गरिएको छ । गुर्खाज फाइनान्स कोशी प्रदेश फोटो पत्रकारिता अवार्ड रासस संखुवासभाका सुजन बज्राचार्यले पाएका छन् । मधेश प्रदेशतर्फ यात्रा डेलीका राम सर्राफ, बागमती प्रदेशतर्फ राससका नबिन पौडेल, गण्डकी प्रदेशबाट परिचय डटकमका प्रेम थापा, लुम्बिनी प्रदेशतर्फ कान्तिपुर दैनिकका माधव प्रसाद अर्याल, कर्णाली प्रदेशतर्फ हिमालय टेलिभिजनका अमृत कुमार बुढाथोकी र सुदूरपश्चिम प्रदेशतर्फ लोकेश साउदले अवार्ड जित्न सफल भएका छन्। समारोहमा जीवनभर फोटो पत्रकारितामा योगदान पुऱ्याएका वरिष्ठ फोटो पत्रकार देवेन्द्रमान सिंहलाई 'लाइफटाइम एचिभमेन्ट अवार्ड' प्रदान गरिएको छ ।

त्यस्तै, संस्थाका आजीवन सदस्य स्वर्गीय चुङ्बा शेर्पालाई मरणोपरान्त विशेष सम्मान प्रदान गरिएको थियो। राष्ट्रिय फोटो पत्रकार आपतकालीन राहत कोषमा योगदान गर्ने विभिन्न समाजसेवी तथा शुभेच्छुकहरूलाई पनि प्रशंसा पत्र प्रदान गरिएको छ ।

'पाँचौं राष्ट्रिय फोटो पत्रकारिता अवार्ड २०२५' का लागि निर्णय गर्न अध्यक्ष प्रदिपराज वन्तको संयोजकत्वमा वरिष्ठ फोटो पत्रकार शैलेन्द्र खरेल, नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक सूर्य थपलिया, सूर्यज्योति लाइफ इन्स्योरेन्सका ब्राण्डिङ एण्ड कम्युनिकेशन प्रमुख मेघेन्द्र प्रकाश गिरी, प्राज्ञा वास्तुकला तथा सृजनात्मक कला विभाग प्रमुख सौरगंगा दर्शनधारी र देश सञ्चारका सहसम्पादक मनोज दाहाल सम्मिलित निर्णायक मण्डल गठन गरिएको थियो ।

मध्यान्ह राष्ट्रिय दैनिकका साथै मूलधारका विभिन्न संचार माध्यमहरु कार्यक्रमका मिडिया पार्टनर रहेका थिए ।

**देउवाको...**

साउदको टिप्पणीलाई कतिपयले सकारात्मक लिए पनि केही नेताहरूले सरकारमा सहभागी हुने प्रयत्नका रूपमा समेत लिएका छन् ।

सत्ताको प्रमुख सहयात्री दल कांग्रेसका सभापतिको भनाइप्रति ढुक्क भएका प्रधानमन्त्री ओलीले शनिबार एमाले संसदीय दलको बैठकमा आफ्ना सांसदहरूलाई कसैले पार्टी र सरकारको विरुद्धमा बोल्यो भने तत्काल प्रतिवाद गर्न निर्देशन नै दिए ।

बैठकमा उनले निर्देशनात्मक आदेशमा भनेका छन्, 'पार्टी र सरकारको विरुद्धमा गलत कुरा बोल्छ भने तत्काल तीखो रूपमा आलोचना गर्नुस् । संसद्मा बोल्दा मर्यादित र सभ्य भएर जनताका आवाज प्रतिबिम्बित हुनेगरी साहसिक रूपमा आवाज उठाउनुपर्ने हुन्छ ।'

संसद्मा कसरी प्रस्तुत हुनुपर्छ भन्ने विषयमा सचेत गराएका ओलीले कुनै विषयमा कसैले गलत ढंगले विरोध गर्छ भने त्यसको प्रतिवाद तत्काल गर्नुपर्ने भन्दै तत्कालीन विषयमा भोलि बोल्नुको कुनै अर्थ र महत्त्व नहुने बताए ।

लोकतन्त्रका लागि संघर्ष गरेको जुनसुकै पार्टीका व्यक्ति भए पनि सम्मानपूर्वक व्यवहार गर्नुपर्ने ओलीको भनाइ छ। कसैले सरकार ढल्यो भन्दैमा हल्लाको पछाडि नलागी मिसन- ८४ मा लाग्नसमेत प्रधानमन्त्री ओलीले सांसदहरूलाई निर्देशन दिएका छन् । उनको यस्तो निर्देशनले सरकारको पूर्ण आयुप्रति विश्वस्त भएको संकेत गरेको राजनीतिक वृत्तमा चर्चा हुने गरेको छ।

**सरकार-शिक्षक...**

तत्काल नयाँ शिक्षा ऐन ल्याउनुपर्ने प्रमुख मागसहित महासंघको नेतृत्वमा देशैभरका शिक्षकहरू काठमाडौं केन्द्रित आन्दोलनमा २५ दिनदेखि छन् ।

महासंघले सरकारसँगको वार्तासँगै आन्दोलनलाई पनि निरन्तरता दिएको छ। विद्यालय शिक्षा ऐन जारी हुनुपर्ने माग राख्दै महासंघले शनिबार २५औं दिन पनि आन्दोलन जारी राखेको हो ।

शनिबार काठमाडौंको बिजुलीबजारमा आन्दोलनका लागि आएका शिक्षकहरूले 'शिक्षकको माग पूरा गर', 'विद्यालय शिक्षा ऐन जारी गर'लगायतका नारा लगाएका थिए । प्रदर्शनमा उत्रिएका शिक्षकले बानेश्वर क्षेत्रमा निषेधित क्षेत्र तोड्ने प्रयास गरेका थिए । उनीहरूले निषेधित क्षेत्र तोड्ने प्रयास गरे पनि प्रहरीले रोकेको थियो । यसैबीच काठमाडौंमा जारी शिक्षकहरूको प्रदर्शनका क्रममा १ जना शिक्षकमाथि कुटपिट भएको छ।

शनिबार दिउँसो काठमाडौं महानगरपालिका- १० स्थित बिजुलीबजारमा प्रदर्शनका क्रममा कैलालीको धनगढी उपमहानगरपालिका- १ का ५४ वर्षीय केशवराज जोशीमाथि शिक्षकहरूले नै कुटपिट गरेका हुन् ।

प्रहरीका अनुसार आपसी मतभेदका कारण १५-२० जना शिक्षकले जोशीलाई कुटपिट गरेर घाइते बनाएका हुन् ।

जोशी कैलालीको धनगढी- १२ स्थित दुर्गा आधारभूत माध्यमिक विद्यालयमा अध्यापन गराउने शिक्षक हुन् । उनी पनि शिक्षक महासंघकै आन्दोलनमा सहभागी भएका हुन् ।

**कांग्रेस...**

नेपाल शिक्षक महासंघका नेताहरूसँग छलफल गरेका हुन् । छलफलका क्रममा उनीहरूले अदालतले दिएको ३ दिनको समयसीमाभित्र सहमति गरेर विद्यालय फर्कनका लागि सरकार र महासंघ दुवै गम्भीर हुनुपर्ने बताएका छन् । त्यसका लागि सरकार एक कदम अघि बढ्ने र शिक्षकहरू एक कदम पछि हट्ने २ वटा विकल्प अघि सारेको बताइएको छ । 'सरकार पनि एक स्टेप अगाडि सरोस्, मिलाउन तयार हुनुपर्छ । शिक्षक महासंघ पनि एक कदम पछि हटेर सहमतिमा पुग्नुपर्छ । यही फर्मुला प्रयोग गरेर २ दिनभित्र मिलाउनेगरी अघि बढौं भनेर कुरा गरेका छौं', छलफलपछि नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले भने ।

सरकारले पनि शिक्षकहरूको माग पूरा गर्ने क्रममा राज्यलाई पर्ने व्ययभार खप्न तयार हुनुपर्ने, ऐन जारी गर्नका लागि सभामुख, सत्तारूढ र विपक्षी दलका प्रमुख सचेतक, शिक्षक महासंघका प्रतिनिधि राखेर विश्वसनीय आधार बनाउनुपर्ने उनको भनाइ छ।

सरकारले पनि ऐन जारी गर्ने विषयमा मानसिकता परिवर्तन गरेर यही अधिवेशनबाट लागू हुनेगरी काम गर्नुपर्ने दुवै महामन्त्रीको तर्क छ ।

**भारत...**

विद्रोहीहरूले कश्मीरमा भारतविरुद्ध स्वतन्त्रता वा पाकिस्तानसँगको मिलनको माग गर्दै आन्दोलन गरिरहेका छन् ।

मंगलबार भएको घटनाले भने २ देशको सम्बन्धमा दरार आएको छ। अमेरिकी उपराष्ट्रपति जेडी भेन्स भारतमा आएकै समयमा कश्मीरमा आतंकवादी हमला भयो ।

पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले कुनै पनि भारतीय आक्रमणको उचित जबाफ दिन आफूहरू तयार रहेको बताएपछि २ देशबीच द्वन्द्व बढेको हो ।

पहलगाम आक्रमणपछि भारतले यस घटनामा पाकिस्तान जिम्मेवार रहेको ठहर गर्दै प्रतिशोधात्मक कदम चालेको छ । यसका साथै भारतले पाकिस्तानसँगको सीमामा रहेको मुख्य नाका बन्द गरेको छ । यस्तै, पानी बाँडफाँटको सिन्धु जल सम्झौता पनि स्थगित गरेको छ । भारतले पाकिस्तानी कूटनीतिज्ञहरूलाई देशबाट निष्कासित गर्नुका साथै पाकिस्तानी राहदानी भएका मानिसहरूलाई पनि भारत छाड्न निर्देशन दिएको छ। तर, पाकिस्तानले भने कश्मीरको घटनामा आफ्नो संलग्नता नभएको दाबी गरेको छ । पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफको कार्यालयबाट जारी विज्ञप्तिमा विश्वसनीय अनुसन्धान र प्रमाणित तथ्यबिना पहलगाम आक्रमणमा पाकिस्तानलाई जोड्ने प्रयास गरिएको उल्लेख छ ।

जारी वक्तव्यमा भनिएको छ, 'पाकिस्तानको सार्वभौमिकता र जनताको सुरक्षालाई असर पुग्ने कुनै पनि कार्यको जबाफ दृढ र समुचित ढंगले दिइने छ ।'

पाकिस्तानले पनि भारतसँगको व्यापार, हवाई उडान र सबै द्विपक्षीय सम्झौताहरू स्थगित गरेको छ । पाकिस्तानले पानी रोक्ने वा मोड्ने कुनै पनि प्रयासलाई युद्धको कार्य मानिने र पूर्ण राष्ट्रिय शक्तिका साथ प्रतिक्रिया दिने चेतावनी पनि दिएको छ ।

बदलामा पाकिस्तानले आफ्ना आकाशमार्गहरू भारतीय विमान कम्पनीहरूका लागि तत्काल प्रभावबाट बन्द गरेको छ । साथै, पञ्जाबस्थित वाघा नाका पनि बन्द गरिएको छ ।

**द्वन्द्वको...**

विषयमा भारतले सैन्य कारबाही गर्छ कि गर्दैन भन्ने प्रश्नभन्दा पनि कहिले, कसरी र कस्तो सैन्य कारबाही गर्छ भन्ने प्रश्न महत्त्वपूर्ण भएको बताउँछन् । उनीहरू भारतको आन्तरिक सरोकार र पाकिस्तानमा भएका पात्रहरूलाई भारतीय दृढताको संकेत देखाउने खालको कडा प्रतिक्रिया हुने सम्भावना रहेको बताउँछन् । सन् २०१६ र विशेषगरी सन् २०१९ पछि भारतले गर्ने प्रतिवाद सीमापारि पाकिस्तानी भूमिमा गरिने आक्रमण वा हवाई हमला हुने सम्भावनातर्फ पनि जानकारहरू संकेत गर्छन् ।

सुरक्षाविज्ञका जानकारहरू भारत-पाकिस्तान संकटमा सबैभन्दा बढी जोखिम परमाणु हतियारको देखिएको बताउँछन् । यस घटनाले दक्षिण एसियाको भू-राजनीतिमा ठूलो प्रभाव पार्ने देखिन्छ । यस घटनाबाट सार्क सहकार्य अझै कमजोर बन्ने देखिएको विज्ञहरू बताउँछन् ।

'पहलगाम घटनापछि भारत-पाकिस्तानबीच सम्भावित सैन्य टकरावको जोखिम बढेको छ', सुरक्षा मामिलाका जानकार रामप्रसाद भट्टराई भन्छन् । उनका अनुसार यदि यस्तो टकराव बढ्यो भने नेपालसहित बंगलादेश र अफगानिस्तान जस्ता छिमेकी देशहरूमा असुरक्षाको स्थिति तथा भावना बढ्न सक्छ ।

आतंकवादी समूहहरूले यस संक्रमणको अवस्थामा फाइदा उठाएर क्षेत्रीय स्थिरतामा प्रभाव पार्न सक्ने चुनौती पनि थपिएको भट्टराईले बताए।

घटनामा आतंकवादीहरूले निहत्था पर्यटकहरूमाथि धर्मका आधारमा छानीछानी आक्रमण गर्नुले हिन्दु-मुस्लिमबीचको खाडललाई विकराल बनाउने संकेत गरेको छ । भारतमा नरेन्द्र मोदी सरकारले मुस्लिम नीतिलाई थप कडाइ गर्ने संकेत गरिरहेको छ, जसले भारतमा मात्र नभई नेपालमा समेत अशान्ति निम्त्याउन सक्छ ।

**नेपालमा...**

तर, नेपाल प्रहरीका प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यले भने भारत-पाकिस्तानको तनावले नेपाल सुरक्षित नै रहेको बताए । 'सुरक्षा मामिलामा नेपाल सधैं चुस्त रहेको छ। सीमामा नेपाल प्रहरीको उपस्थिति बलियो छ', उनले भने, '२ देशको बढ्दो तनावले नेपालको सुरक्षामाथि खतरा छैन ।'

**मलेसिया...**

१ हजार ५०० रिंगेटबाट २०० रिंगेट बढाएर १ हजार ७०० रिंगेट पुऱ्याएको थियो। तर, साढे २ महिना बितिसक्दा पनि बढेको तलब नपाएको सेक्युरिटी क्षेत्रमा काम गर्ने नेपाली कामदारको गुनासो छ । बढेको तलब नदिने कम्पनीहरूलाई नेपाली राजदूतावास र तथा मुख्य सेक्युरिटी कम्पनीले बढेको तलब दिनू भनेर लिखित जानकारी दिएको भन्दै अप्रिल महिना सकिन लाग्दा पनि १ हजार ५०० रिंगेट नै दिने गरेको गुनासो छ।

नेपाली राजदूतावासको शुक्रबार हुने साप्ताहिक कार्यक्रममा सेक्युरिटी कम्पनीहरूले बढेको तलब नदिएको गुनासो धेरै आएको थियो । नेपाली दूतावासले गुनासो समाधानका लागि नयाँ डिमान्ड एटेस्टेसनमा न्यूनतम १ हजार ७०० को पे स्लिप र सेक्युरिटी गार्डको बैंक खातामा तलब जम्मा भएको बैंक ट्रान्सफरको स्लिप अनिवार्य गरिएको बताएको छ ।

१ हजार ७०० को पे स्लिप र सेक्युरिटी गार्डको बैंक खातामा तलब जम्मा भएको बैंक ट्रान्सफरको स्लिप नभएको मागपत्र प्रमाणीकरण नहुने दूतावासका एक अधिकारीले बताए ।

करिब १ वर्षको प्रतीक्षापछि मलेसियाको रोजगारी शुक्रबार खुल्ला भएको हो । मलेसियास्थित नेपाली दूतावासले शुक्रबार एक सूचना जारी गर्दै मागपत्र खुल्ला भएको जानकारी दिएको हो ।

मलेसियाले गत ३१ मेदेखि विदेशी कामदारको नयाँ एप्रुभल रोकेको थियो तर मलेसियामा कार्यरत नेपाली कामदारहरूले नयाँ एप्रुभल खुल्ला भए पनि समयमा तलब पाउने विषयमा समस्या झेल्नुपरेको बताएका छन् । केही नेपालीले ३ र केही नेपालीले ५ महिनादेखि तलब पाउन नसकेको गुनासो गरेका छन् ।

नेपाली राजदूतावासले भने दूतावासमा गुनासो टिपाएको दिन नै कम्पनीमा सम्पर्क गरेर समस्याको समाधान गर्ने भन्दै ०१६२४७२७७७ नम्बर नै सार्वजनिक गरेको छ ।

मलेसियाले सेवा क्षेत्रतर्फ होलसेल एन्ड रिटेल, सेक्युरिटी गार्ड, ल्यान्ड वेयरहाउजिङ, गोल्डस्मिथ्स, टेक्सटाइल, टुरिजम, कृषि क्षेत्रतर्फ फिसरिज र लाइभस्टक तथा प्लान्टेसन र कन्स्ट्रक्सन क्षेत्रको मागपत्र खुल्ला गरेको हो । तर, नेपाली कामदारको मुख्य चासो म्यानुफ्याक्चरिङ क्षेत्रको डिमान्ड कहिले खुल्छ ? भन्नेमा देखिएको छ।

म्यानुफ्याक्चरिङ क्षेत्रमा नियमित कामका साथै ओभरटाइम काम गर्न पाउने भएकाले म्यानुफ्याक्चरिङ क्षेत्रमा चासो बढेको हो । तर, कोरोनापछि युरोपेली बजार र अमेरिकामा सामान सप्लाईमा सुस्तता आएपछि म्यानुफ्याक्चरिङ क्षेत्रमा पनि शिथिलता देखिएको मलेसियाका समाचार माध्यमहरूले उल्लेख गरेका छन्। हाल मलेसियामा करिब ४ लाख नेपाली वैधानिक रूपमा काम गरिरहेका छन् ।

**मलेसिया...**

बनाइएको भन्दै मञ्चका अध्यक्ष जनक रावलले शनिबार विज्ञप्ति जारी गर्दै सिण्डिकेटको विरोध गरेका हुन् ।

लामो समयपछि पुनः सञ्चालनमा आउन लागेको मलेसियाको रोजगारीमा केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समूहहरूले आप्रावासी कामदारहरूको भर्ना प्रक्रियालाई एकाधिकार गर्ने तयारी गरेको सूचना प्राप्त भएको र नेपालबाट मलेसिया कामदार पठाउन केवल २५ वटा वैदेशिक रोजगार व्यवसायीहरूलाई मात्र अनुमति दिइने गरि नियोजित रूपमा सिण्डिकेटको पक्षमा बनाइएको प्रक्रिया भएको दाबी मञ्चले गरेको छ।

वैदेशिक रोजगार क्षेत्रमा अवैध रूपमा हाबी भई कारोबारलाई प्रभाव पार्ने यस्ता सिण्डिकेटहरू नेपालको संविधान तथा अन्तर्राष्ट्रिय श्रम कानुनअनुसार पूर्णरूपमा प्रतिबन्धित रहेको भन्दै मञ्चले यस्ता अनैतिक अभ्यासहरूले रोजगार प्रक्रियालाई पारदर्शी र विश्वसनीय बनाउने प्रयासमा गम्भीर खतरा पुऱ्याउने बताएको छ ।

केही समूहहरूले मलेसिया तथा नेपाल दुबै देशका निकायहरूमाथि आफ्नो प्रभाव छ भन्ने झुटा दाबी गर्दै नेपाली वैदेशिक रोजगार व्यवसायीहरूलाई झुक्याउने प्रयास गरेको भन्दै मञ्चले ती समूहहरूले विशेष 'सूचीबद्ध' कम्पनीमार्फत् मात्र कामदार पठाउन पाइने भनेर भ्रम फैलाउँदै ती एजेन्सीहरू सिण्डिकेटको हिस्सा हुन् भन्ने प्रचार गरिरहेकोले पनि सचेत हुन व्यवसायीहरूलाई आग्रह गरेको छ ।

तथाकथित सिण्डिकेटहरूले ठूलो रकम असुली गरेर केही एजेन्सीहरूलाई मात्र कामदार पठाउने अधिकार दिने आश्वासन दिइरहेको भन्दै मञ्चले त्यस्ता कार्य पूर्णरूपमा गैरकानुनी र स्वस्थ्य प्रतिस्पर्धालाई समाप्त पार्ने खेल अन्तर्गत भएको पनि जनाएको छ ।

# 'सरकार ढल्छ भन्ने भ्रम फैलाउनेहरू फत्रक्क गले'

**काठमाडौं / मस**–प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार ढल्दैछ भनेर चलाइएको भ्रमको पछि नलाग्न आग्रह गरेका छन् । शनिबार बसेको पार्टीको संसदीय दलको बैठकलाई सम्बोधन गर्दै नेकपा(एमाले) अध्यक्ष पनि रहेका प्रधानमन्त्री ओलीले सरकार ढल्दैछ भनेर चलाइएको हल्लाको पछि नलाग्न र आफ्नो काममा केन्द्रित हुन पार्टीका सांसदहरूलाई निर्देशन दिएका हुन् ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा थाइल्याण्डबाट फर्केपछि सरकार ढल्छ भनेर भ्रम फैलाउनेहरू अहिले फत्रक्क गलेको प्रधानमन्त्री ओलीले टिप्पणी गरे । देउवा फर्केर आएर सरकार ढल्दैन भनेपछि भ्रम फैल्याउनेहरू फत्र्याक्क गलेको भन्दै उनले सरकार ढल्दैन भन्ने च्याप्टर नै बन्द भएको बताए ।

सरकार ढल्छ भनेर हिजोसम्म आगो नै बाल्न खोजेकाहरू देउवा फर्केर आउने बित्तिकै थच्च्क बसेको ओलीले टिप्पणी गरे । उनले यस्ता भ्रम फिजाउने तत्वहरूको पछाडि नलाग्न निर्देशन दिँदै सांसदहरूलाई मिसन २०८४ मा लाग्न आग्रह गरे ।

यसअघि एमालेले ११ बैशाख ११



लोकतन्त्र दिवसको अवसरमा आयोजना गरेको युथ सेलिब्रेशन कार्यक्रममा पनि प्रधानमन्त्री ओलीले आफूहरूलाई सरकारको भन्दापनि चुनावको चिन्ता भएको बताएका थिए ।

मुलुकमा स्थिरता, स्थायित्व, विकास, सुशासन र समृद्धिका लागि दुई ठुला दलको सहकार्यमा बनेको सरकारले आगामी आर्थिक वर्षका लागि सन्तुलित र सम्भव हुने खालको नीति तथा कार्यक्रम र बजेटको तयारी गरिरहेको प्रधानमन्त्रीले बैठकलाई जानकारी गराए ।

संसद्को बजेट अधिवेशन प्रारम्भ भएको सन्दर्भमा भएको बैठकमा प्रधानमन्त्री ओलीले यस अधिवेशनका मुख्य कार्यभार, नीति तथा कार्यक्रम र बजेट प्रस्तुत र पारित गर्ने, विद्यमान परिस्थितिलाई बुझेर जनताका समस्याको उठान र समाधानका उपायका लागि खेल्नुपर्ने भूमिकाका सम्बन्धमा सम्बोधन गरिने बताए ।

प्रतिगमनकारीहरूले आन्दोलनका नाममा हिंसात्मक तथा संविधानविरोधी गतिविधि गरेको सन्दर्भमा अध्यक्ष ओलीले यस्ता कार्यप्रति तेजतराजरूपमा प्रस्तुत हुनुपर्नेमा जोड दिँदै आवश्यक पर्दा त्यस्ता गतिविधिमाथि सरकारले कानुनबमोजिम कडा कदम पनि चाल्न सक्ने संकेत गरे । अमेरिकी सरकारसँग भएको सम्झौता र दुवै देशका संसदबाट पारित भएको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) अमेरिकी पक्षबाट बन्द गरिएको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्री ओलीले अब नेपालले आफ्नो विकास अरुको आशमा नभई आफैले गर्नतिर लाग्नुपर्ने बताए ।

ओलीले राष्ट्रहरूसँग गरिएको सम्झौता देशभन्दा पनि माथि हुने भन्दै त्यसरी रोक्ने अमेरिकी तरिका ठिक नभएको समेत टिप्पणी गरे ।

# सांग्रिला डेभलपमेन्ट एसोसिएसन स्थापनाको १० वर्ष पूरा

**काठमाडौं / मस**– सांग्रिला डेभलपमेन्ट एसोसियसन स्थापनाको १०औं वर्ष पूरा भएको छ । १० वर्ष पूरा भएको अवसरमा संस्थाले शनिबार '१० वर्षको प्रभाव : सामुदायिक विकास, आपतकालीन राहत, र मानवीय सेवाको एक दशक' कार्यक्रम सम्पन्न गरेको छ । संस्थाका सल्लाहकार एवं पूर्वअध्यक्ष जयशंकर उपाध्ययको अध्यक्षतामा भएको कार्यक्रममा कैलाश गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तान र समाज कल्याण परिषद्का विभागीय प्रमुख दीपेन्द्र पन्तको विशिष्ट आतिथ्यता रहेको थियो ।



कार्यक्रममा विशिष्ट अतिथि अध्यक्ष मुक्तानले भौगोलिक रूपमा पछाडि परेको कैलाश गाउँपालिकामा एसोसियसनले गरेको कामको प्रशंसा गरे ।

उनले विकटता, जनजाति, सीमान्तकृत वर्ग, बसोबास र भौगोलिक सिमान्त, गरिब, विपन्न वर्गमा संस्थाले स्वास्थ्य, शिक्षा, कृषि क्षेत्र लगायतका क्षेत्रमा काम गरेर महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए । कार्यक्रममा विशिष्ट अतिथि तथा समाज कल्याण परिषद्का विभागीय प्रमुख पन्तले एसोसियसनले सुशासन पालना गर्दै स्थानीय सरकारसँग समन्वय गरेर काम गरेको भन्दै धन्यवाद व्यक्त गरे ।

संस्थाले दीगोपनाको नमुनाका रूपमा काम गरेको र अबका दशकमा अझै सुदृढ ढंगले काम गर्न उनले सुझाव दिए । पन्तले आगामी दिनमा आफ्नो संस्थाले सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत जनाए ।

कार्यक्रममा साझेदार संस्था सांग्रीला एसोसियसन स्वीट्जरल्याण्डका पूर्वअध्यक्ष रोबर्टो प्रेसाले एसोसियसनले नेपालको ग्रामीण क्षेत्रमा राम्रो काम गर्दै आएको भन्दै यसले आफूलाई गौरभान्वित बनाएको बताए ।

पूर्वअध्यक्ष प्रेसाले आगामी दिनमा चुनौतीहरूलाई पार गर्दै थप उर्जाशिल भएर काम गर्न सुझाव दिए ।

कार्यक्रममा सांग्रीला अर्फनेज होमकी अध्यक्ष यमुना मरासिनीले एसोसियसनले चेपाङ, अतिविपन्न वर्गका लागि शिक्षा, स्वास्थ्य, कृषि लगायतका क्षेत्रका माध्यमबाट जीवनस्तर उकास्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताइन् ।

उनले एसोसियसन एक दशकको कार्यअवधिमा पूर्ण रूपमा सफल भएको बताउँदै आगामी दिनमा उत्कृष्ट काम गर्दै अति भन्दा अति विपन्न वर्गका समुदायको जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेल्न आग्रह गरिन् ।

कार्यक्रमका अध्यक्ष एवं संस्थाका सल्लाहकार जयशंकर उपाध्ययले अथक प्रयास र मेहनतका कारण संस्था हालसम्म आइपुगेको बताए ।

संस्थाका सचिव दशरथ घिमिरेले स्वागत मन्तव्य राख्दै अबका दशकमा थप सक्रिय भएर लाग्ने बताए । उनले संस्थालाई भावी पुस्ताका लागि प्रेरणाको स्रोतको रुपमा विकास गर्ने प्रतिबद्धता पनि जनाए ।

यस्तै संस्थाका कार्यक्रम संयोजक सागर थापाले संस्थाले भूकम्पका समयमा राहत, पूनर्निर्माणका साथै बर्थिङ सेन्टर निर्माण लगायत स्वास्थ्य, कृषि र शिक्षा क्षेत्रमा काम गर्दै आएकाले यो एक दशकमा महत्वपूर्ण काम भएको बताए । त्यसअवसरमा संस्थाका कर्मचारी, विभिन्न साझेदार संस्थालाई सम्मान गरिएको थियो ।

२०७१ सालमा स्थापना भएको यो संस्था मकवानपुरको कैलाश गाउँपालिका वडा नं ३, ४, ७, र ८ मा विशेषतः चेपाङ समुदाय तथा अन्य पिछडिएका र सिमान्तकृत वर्गका लागि शिक्षा, स्वास्थ्य, तथा कृषिको क्षेत्रमा एवम् चन्दनाथ नगरपालिका जुम्लास्थित कर्णाली माध्यामिक विद्यालयको सहकार्यमा बहिरा बालबालिकाको शिक्षाको क्षेत्रमा विभिन्न परियोजनामार्फते काम गर्दै आएको छ । संस्थाले २०७२ को महाभूकम्प र कोभिड-१९ जस्ता महामारीको मानवीय संकटमा दीर्घकालीन प्रयासहरूमा केन्द्रित भइ व्यापक आपतकालीन राहत साथै पुनःनिर्माण परियोजनाहरुमार्फत काम गर्दै आएको छ । हाल संस्थाले दुबै कार्यक्षेत्रमा 'सांग्रीला सस्टेनेवल, लोकल इनिशिएटिभ'को छैठौं संस्करण कार्यन्वयन गर्दै आएको छ ।

संस्थाले शिक्षा, स्वास्थ्य, र कृषिको क्षेत्रमा परियोजनाहरुकोमार्फत सामुदायिक विकासका लागि विभिन्न कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ ।

# 'जलवायु परिवर्तनबाट बालबालिका र युवाहरू बढी प्रभावित'

**काठमाडौं / मस**–वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायु परिवर्तनबाट बालबालिका र युवाहरु प्रभावित भएको बताएका छन् ।

नेपाल सरकार तथा संयुक्त राष्ट्र संघ नेपालको संयुक्त आयोजनामा भएको 'वायु संवादः नेपालको जलवायु मुद्दाको केन्द्रमा बालबालिका तथा युवा' कार्यक्रममा उनले भने, 'जलवायु परिवर्तनका कारण बालबालिका तथा युवाहरुको स्वच्छ जीवन, स्वच्छ हावा, स्वच्छ पानी र हरियाली वतावरणमा बाँच्न पाउने अधिकार हनन भएको छ ।' उनले जलवायू परिवर्तनले पारेको असरबारे सरकारले पैरवी र बहस तथा न्यूनीकरणमा निरन्तर प्रयासरत रहेको बताए । वन तथा वातावरण मन्त्रालयका सचिव डा.राजेन्द्रप्रसाद मिश्रले



बालबालिका र युवामा लगानी गर्नुपर्ने बताए। उनले भने, ' बालबालिका र युवा नै हाम्रा सम्पत्ति हुन् । ती सम्पत्तिलाई उग्रने र उम्रिने मौका सिर्जना गर्नुपर्ने आवश्यकता छ । बालबालिका तथा युवामा लगानी गरौं । जलवायू परिवर्तन बारे बुझौं आत्मसाथ गरौं । सङ्कट न्यूनीकरणमा सबैले काम गरौं ।'

नेपालका लागि संयुक्त राष्ट्र सङ्घका कार्यवाहक आवसीय संयोजक एलिस् अकुङ्गाले सबै बालबालिकाले सुरक्षित र स्वस्थ वातावरणमा हुर्कन पाउने अधिकार राख्नुपर्ने धारणा राखे। उनले भने, 'जलवायु परिवर्तनले यस अधिकारलाई दैनिक रूपमा जोखिममा पारिरहेको छ ।'

युनिसेफका दक्षिण एसिया क्षेत्रीय जलवायू सल्लाहकार रक्षा राजेश्वरी थापाले नेपाल जलवायु परिवर्तनको असरबाट बालबालिका तथा युवाहरु बढी प्रभावित भएको बताए । अत्यधिक गर्मी, भीषण वर्षा, जलवायुजन्य विपद् र प्रदुषित हावापानीले स्वास्थ्यमा जोखिम पारिरहेको उल्लेख गरे ।

शिखर सम्मेलन सगरमाथा संवादको एक भागका रूपमा बालबालिका र युवाहरूमा समर्पित रहेको जनाइएको छ । यो नेपाल सरकार, संयुक्त राष्ट्र संघ नेपाल र देशका युवा सञ्जालहरूले संयुक्त रूपमा आयोजना गर्ने युवा-नेतृत्वको कार्यक्रम हो ।

कार्यक्रममा देशभरिका १०० भन्दा बढी बालबालिका तथा युवाहरु सहभागी छन् । यो राष्ट्रिय संवाद नेपाल सरकारको आयोजनामा हुन गइरहेको अन्तरराष्ट्रिय सगरमाथा संवादको अगाडि बालबालिका तथा युवाको नेतृत्वमा जलवायु परिवर्तन प्रतिकार्यका विषयमा केन्द्रित कार्यक्रम थियो ।

# हिमाली जिल्ला औलोको उच्च जोखिममा

**सुर्खेत / मस**–कर्णालीका हिमाली जिल्लाहरु औलोको उच्च जोखिममा रहेका छन् । कर्णालीका दश जिल्लामध्ये हिमाली जिल्ला हुम्ला औलो रोगको उच्च जोखिममा रहेको हुन् । त्यस्तै कालीकोट, दैलेख र सुर्खेत औलोको जोखिममा रहेको कर्णाली प्रदेश स्वास्थ्य निर्देशनालयका भेक्टर कन्ट्रोल सुपरभाइजर अधिकृत श्यामलाल आचार्यले जानकारी दिए ।

हुम्लामा भेटिएका दुई जना औलो रोगका बिरामीमध्ये एउटा स्थानीयस्तरमा रोग लागेको भेटिएकोले हुम्ला जिल्ला उच्च जोखिममा रहेको उनले भताए । चालू आर्थिक वर्षमा कर्णालीमा ३८ जना औलोको बिरामी पत्ता लागेको र हुम्लामा भेटिएका एक जना बाहेक अरु आयातित बिरामी भएको आचार्यले बताए ।

चालू आर्थिक वर्षमा कर्णाली प्रदेशमा सुर्खेतमा २९, दैलेखमा ४, कालिकोटमा ३ र हुम्लामा १



जना औलो रोगका बिरामी फेला परेको आचार्यले जानकारी दिए । '३७ जना आयतित औलो रोगमा बिरामी भेटिएका छन्,' उनले भने,' एक जनामा स्थानीय औलोका बिरामी भेटिएका हुन् ।'

कर्णालीका चार जिल्लामा भेटिएका औलो रोगका बिरामीमध्ये हुम्लाको ताजाकोट गाउँपालिका, दैलेखको आठबिस नगरपालिका, चामुण्डा बिन्द्रासैनी नगरपालिका, दुल्लु नगरपालिका, ठाटीकाँध गाउँपालिका, कालिकोटको खाँडाचक्र नगरपालिका, सुर्खेत जिल्लाका बराहताल गाउँपालिका वीरेन्द्रनगर नगरपालिका, चौकुने गाउँपालिका गुर्भाकोट नगरपालिका, लेकबेँसी नगरपालिका, पञ्चपुरी नगरपालिका र सिम्ता गाउँपालिकामा औलो रोगका बिरामी रहेको आचार्यले बताए ।

त्यस्तै, कर्णालीका ७९ स्थानीय तहका सात सय १८ वडामध्ये तीन वडा औलो रोगको उच्च जोखिम रहेको, सात वटा वडा मध्यम जोखिम रहेको, चार सय १० वटा वडा निम्न जोखिम रहेको र दुई सय ९८ वडामा जोखिम नरहेको आचार्यले जानकारी दिए ।

उच्च जोखिममा रहेको वडामध्ये हुम्ला ताजाँकोट गाउँपालिका वडा नम्बर २, ३ र ४ रहेको छन् । न्युन जोखिममा सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नम्बर २, गुर्भाकोट नगरपालिका वडा नम्बर ८, मुगु खत्याड गाउँपालिका वडा नम्बर ८, सोरु गाउँपालिका वडा नम्बर ४, ५, हुम्ला जिल्लाको अदानचुली गाउँपालिका वडा नम्बर ३ र ताजाँकोट गाउँपालिका वडा नम्बर ५ रहेको आचार्यले बताए ।

# विद्युत् ट्रान्सफर्मर चोरी

**सिरहा / मस**– सिरहा नवराजपुर गाउँपालिका-२ मा रहेको विद्युतीय ट्रान्सफर्मर चोरी भएको छ ।

स्थानीय रामपुजन मुखियाका अनुसार कमला सिँचाइ आयोजनाअन्तरगत करिब चार वर्षअघि राखिएको एक करोडभन्दा बढी लागतको ५० एम्पियरको ट्रान्सफर्मर चोरी भएको हो । विगतमा घर, पसलमा चोरी हुने गरेकामा पछिल्लो समय सिरहामा विद्युत् ट्रान्सफर्मरसमेत चोरी



भएको छ । बिहीबार राति अज्ञात समूहले उक्त ट्रान्सफर्मर चोरेको जिल्ला प्रहरीका कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिए ।

अज्ञात समूहले ट्रान्सफर्मर तोडफोड गरी बाहिरी फलामे भाग फालेर ट्रान्सफर्मरभित्रको तामा र बिजुलीको तार चोरी गरेका हुन् । सूचना अधिकारी पासवानले घटनामा संलग्नहरूको खोजी भइरहेको बताए । चोरीको प्रकृति हेर्दा विद्युत्सम्बन्धी तालिम प्राप्त व्यक्तिको संलग्नता भएको हुनसक्ने प्रहरीको अनुमान छ ।


## Konjyosom Rural Municipality
## Office of the Rural Municipal Executive

**Chaughare, Lalitpur**
**Bagmati Province, Nepal**

**Invitation for e-Bids**

**First Date of publication: 2025/04/27**
**Last Deadline for Submission bid document: 2025/05/27 12:00 (noon)**
**Bid Opening Date:2025/05/27 1:00 PM**

1. Office of Rural Municipal Executive Konjyosom, Lalitpur invites electronic bids from Nepalese eligible bidders for the contract named below:-

| S. N. | Contract Identification No | Work Description / Name of the project | Estimated Amount With OUT VAT & PS (NRs) | Bid Security Amount NRS | Bid Purchasing Fee in NRs |
|---|---|---|---|---|---|
| 1 | KRM/NCB/W /081/82-09 | CONSTRUCTION OF ADDITIONAL STOREY OF ADMINSTRATIVE BUILDING WARD NO 4 | 33,92,367.87 | 98,100 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Office of Rural Municipal Executive Konjyosom,Lalitpur, konjyosom2075@gmail.com, 9851353244 & 9843515136 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Sanima Bank, Konjyosom**
   **Name of Office : Office of Rural Municipal Executive Konjyosom,Lalitpur**
   **Revenue Account name : GA-1.1 AANTARIK RAJASHWA KHATA**
   **Office Revenue Account no. : 066010040000013**
   **Revenue Code Number : 14229**
4. Pre-bid meeting shall be held at Office of Rural Municipal Executive Konjyosom,Chaughare,Lalitpur at 2025/05/16 at 1 PM.
5. Electronic bids must be submitted to Office of Rural Municipal Executive Konjyosom,Chaughare,Lalitpur through PPMO website www.bolpatra.gov.np/egp on or before 2025/05/27 at 12 pm(noon) . Bids received after this deadline will be rejected.
6. The Electronic bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2025/05/27 at 1 pm at the office of Office of Rural Municipal Executive Konjyosom,Lalitpur .Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of mentioned above in table which shall be valid for 30 days beyond the validity period of the bid .The bidder who wishes to submit the Bid security in the form of cash , bidders has to deposit cash in Sanima Bank Konjyosom Branch,account named GA-3 KONJYOSOM GA.PA. DHARAUTI KHATA WITH Account no. 066010020000003.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason,whatsoever.
9. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 and other prevailing rules and regulations.

**Chief Administrative Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१४ वैशाख २०८२ आइतबार
27 April 2025, Sunday

## सम्पादकीय

# पूर्वतयारीमा ध्यान देऊ

प्राकृतिक विपद् अनुमानबाहिर छ । कतिबेला, कहिले र कुन ठाउँमा प्राकृतिक विपद् आइपर्छ भन्ने अनुमान गर्न सकिँदैन । अझ नेपालको जस्तो भौगोलिक बनोट भएका ठाउँमा यस्ता विपद्को भय र जोखिम सधैं रहन्छ । विशेषगरी बाढी–पहिरो, भूकम्प, शीतलहर, आगलागी/डढेलोलगायतका प्राकृतिक विपद्बाट हामी बारबार पीडित छौं । यस्ता विपद् हरेक वर्ष दोहोरिन्छन् तर हामी, हाम्रो सरकार र जनप्रतिनिधि अनि सरोकारवाला निकायहरू यसको दीर्घकालीन समाधान, पूर्वसावधानी र पूर्वतयारीमा चुकिरहेका पाइन्छ ।

अहिले सुख्खायामको समय हो । डढेलो र आगलागीको जोखिम अत्यन्त बढी हुने गर्छ यो समयमा । वनमा लाग्ने डढेलोका कारण जनधनको ठूलो क्षति हुने गरेको त छँदै छ, घर, टहरामा लाग्ने आगलागीले पनि सताइरहेको छ । गत महिना मात्र आगलागीमा परी १५ जनाको मृत्यु भएको छ भने लाखौं रूपैयाँ क्षति भएको छ । अझै सुख्खा समय रहने हुँदा यसबीचमा आगलागी र डढेलोबाट बच्न पूर्वतयारी गरिहाल्नुपर्ने देखिन्छ । यस्तै, यो सुख्खायामपछि फेरि वर्षायाम सुरू हुन्छ । वर्षाका कारण बढ्ने बाढी–पहिरोको जोखिम सधैं सबैलाई थाहा छ । यसपछि हिउँदमा तराईमा शीतलहरले अत्यास बनाउने गरेको छ । तर, हरेक वर्ष दोहोरिने यस्ता जोखिमबारे सरोकारवाला निकाय मौन छन् ।

देशमा ३ तहका सरकार कायम छन् । यी सरकारको जिम्मेवारी जनताको सुरक्षा, जनधनको सुरक्षा र संरक्षण पनि हो । तर, आमजनले सरकार भएको अनुभूति गर्न सकिरहेका छैनन् । गत वर्षकै बाढी–पहिरोपीडितले पुनर्स्थापित हुन र राहत पाउन नसकिरहेका गुनासो व्याप्त छ । त्यसअघिका जाजरकोट भूकम्पलगायतका विपद्पीडितको उचित व्यवस्थापनमा ढिलाइ कायम छ । यस अवस्थामा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले चुस्त र तीव्र उद्धार, राहतका काम गर्न आवश्यक संयन्त्र निर्माण, उपकरण तयारी र पूर्वसावधानीका अन्य उपाय गर्न आवश्यक छ । देशमा सरकार छन्, सुशासन छ, जिम्मेवार जनप्रतिनिधि छन् भन्ने अनुभूति आमजनमा दिलाउन सक्नुपर्छ ।

# व्यवस्थामाथि उठेको प्रश्न

*लोकतन्त्रको मूल भावना भनेको जनताको आवाज सुन्ने र उनीहरूको सहभागितामा निर्णय गर्ने प्रणाली हो । तर, हाम्रो देशमा यो भावना व्यवहारमा देखिएन...*

**अग्रलेख**



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

हाम्रो लोकतन्त्र, संघीयता र गणतन्त्रले सर्वत्र विरोध खेपिरहेको छ अहिले । यसलाई संचालन गर्नेहरूविरुद्ध आक्रामक स्वर र गतिविधिहरू देखिन थालेका छन् ।

जब अमेरिकी राष्ट्रपतिको पदमा डोनाल्ड ट्रम्पले दोस्रो कार्यकाल सुरु गरे, उनले ठाडै भनिदिए- नेपालमा धर्मनिरपेक्ष र गणतन्त्र स्थापनार्थ धेरै 'फ्रड' कार्य भएको छ । अहिले जनता जुर्मुराएका छन्, देशभित्र र बाहिरबाट पनि । परिवेशले आमनेपालीलाई घोत्लिन बाध्य गराएको छ कि विगतमा देश एक मात्र वैदिक सनातनी, विश्वकै नमुना र हिन्दुधर्मी गुरुराष्ट्र थियो । धर्मनिरपेक्षताका लागि वा गणतन्त्र, संघीयताका लागि सजिलो उपाय जनमत बुझ्ने जनमतसंग्रह पनि गरिएको थिएन । केही समययतादेखि यी विषयमा अन्धाधुन्ध सडकभर विरोधका स्वरहरू आएका छन् ।

केही दिनयता पाथीभरा केबलकारका अभियन्तालाई शौचालयमा थुनेको कुराले चर्चा पाइरहेको छ । उनलाई थुनियो वा विरोधबाट उनी लुके, त्यो प्रस्ट छैन, यद्यपि, उनी केही समय शौचालयमै रहे ।

कुनै बेला पर्यटनमन्त्रीसमेत रहेका ती नेताविरुद्ध विभिन्न आरोपहरू पनि लागेकै छन् । सार्वजनिक लेखा समितिअन्तर्गतको उपसमितिले हालै बनाएको प्रतिवेदनमा उनको पनि नाम मुछिएको छ, जहाँ उनीसँगै अन्य दिग्गज नेताहरूको नाम पनि जोडिएको पाइन्छ । यसले हाम्रो गणतन्त्रभित्रका नेतृत्व तहका पात्रहरू कस्ता छन्, उनीहरूले समाजलाई कता लैजाँदै छन्, उनीहरूले के सिकाउँदै छन् भन्ने प्रश्न उब्जिन्छ ।

तथ्य जे होला तर देशलाई भ्रष्टाचारीहरूको फूलबारी बनाएकै छ । देशका बारेमा निकै नराम्रा सन्देशहरू बाहिर संचार भएकै छन् । सँगै, विदेशीको पनि प्रभाव बढेकै छ । युवाहरूमा सकारात्मक होइन, नकारात्मक प्रभाव बढेकै छ । युवाहरू बाध्यात्मक रूपमा विकल्प खोज्ने बनेका छन् ।

लोकतन्त्र र गणतन्त्रको नारामा दशकौंसम्म जनताले ठूलो आस्था राखे । राजतन्त्र र निरंकुश शासनको अन्त्य गरी जनताको शासन स्थापित गरिने सपना देखाइएको थियो । तर, समय बित्दै जाँदा त्यही सपना बिपनामा परिणत हुन सकेन र आज जनमानसमा लोकतन्त्र र गणतन्त्रप्रति वितृष्णा बढ्दै गएको हो । अब प्रश्न उठ्छ- किन ?

सबैभन्दा पहिला जनता स्वतन्त्रता, समानता र न्यायको अपेक्षा राखेर सडकमै उत्रिएका थिए । परिवर्तनको आन्दोलनमा रक्तपात हुने अवस्था बन्यो, जीवन गुमाउने अवस्था बन्यो । ती बलिदानीहरूले देशमा गणतन्त्र त ल्याए तर त्यसले जनताको जीवनमा अनुभूति ल्याउन सकेन । गणतन्त्र आए पनि शासनमा नेताहरू फेर्नु मात्र भयो, प्रवृत्ति उस्तै रह्यो ।

परिवर्तनको नाममा सत्ताको खेल मात्र चलिरह्यो । नेताहरू जनताको भन्दा पनि आफ्नो स्वार्थ र पार्टीको गणित मिलाउनमै व्यस्त देखिए । यस्तो अवस्थामा जनताको मनमा आशाले होइन, वितृष्णाले ठाउँ लिन थाल्नु स्वाभाविक हो ।

लोकतन्त्रको मूल भावना भनेको जनताको आवाज सुन्ने र उनीहरूको सहभागितामा निर्णय गर्ने प्रणाली हो । तर, हाम्रो देशमा यो भावना व्यवहारमा देखिएन । चुनावमा वाचा गरिएका सपना हराउँछन्, सत्ता सम्हालेपछि जनतासँग संवाद हराउँछ । चुनावताका घरदैलो गर्ने नेताहरू विजयी भएपछि जनतालाई चिन्नै छाड्छन् ।



उनीहरू महँगा गाडी चढ्छन्, विशेषाधिकार भोग्छन्, जनताका दुःख र अभावमाथि चुप लाग्छन् । जनताका समस्या सुन्ने संसद् बन्द हुन्छ तर सत्ता जोगाउने बहस रातारात चल्छ । यस्ता प्रवृत्तिले लोकतन्त्रप्रति आस्था घट्नु स्वाभाविक हो ।

सँगै, अर्को पक्ष भनेको भ्रष्टाचार हो । गणतन्त्रपछि जनप्रतिनिधिहरूले अवसरको रूपमा शासनलाई लिएका छन् । हरेक क्षेत्रमा भ्रष्टाचार मौलाएको छ- कर्मचारीतन्त्रदेखि अदालतसम्म । जब सत्तामा बसेकाहरू नै कानुनमाथि उभिन्छन्, तब जनताले कसरी न्यायमा विश्वास राखुन् ? जब जनप्रतिनिधि नै लुटेराका रूपमा प्रस्तुत हुन्छन्, तब प्रणालीमै विश्वास हराउँछ । यही अवस्था आज देखिँदै छ ।

गणतन्त्रको अर्को मूल मन्त्र समानता हो । तर, हाम्रो समाज अझै विभाजित छ- जातीय, वर्गीय, भौगोलिक आधारमा । विकास पनि समान रूपमा पुगेको छैन । पहाडी, हिमाली, मधेशका समस्या एउटै छैनन् तर समाधान एउटै रूपमा देखाउने प्रयास हुन्छ ।

सुविधाहरू राजधानीमै केन्द्रित छन् । प्रदेश व्यवस्था ल्याइए पनि त्यसले जनतालाई छुन सकेको छैन । प्रदेश सरकारहरू केन्द्रको सानो प्रतिकृति मात्र बने, जनतासँगै संवाद गर्न सक्ने मोडेल बन्न सकेनन् । यो असमानताको महसुसले पनि वितृष्णा बढाएको छ ।

त्यसबाहेक, अभिव्यक्तिको स्वतन्त्रता, नागरिकको अधिकार जस्ता विषयमा पनि दोहोरो मापदण्ड देखिन्छ । आफ्नो पक्षको आलोचना सहन नसक्ने प्रवृत्तिले लोकतान्त्रिक संस्कृतिमै प्रश्न उठाउँछ । सरकार वा नेताहरूको आलोचना गर्‍यो भने 'राष्ट्रघाती', 'अराजक' जस्ता गाली खाने स्थिति आउँछ ।

> समस्या व्यवस्थामा होइन, त्यसलाई व्यवहारमा उतार्न नसक्ने नेतृत्वमा छ । जब नेतृत्वको चरित्र परिवर्तन हुँदैन, जब जनता होइन, सत्ताको लोलुपता प्राथमिकता बन्छ, तब कुनै पनि प्रणालीप्रति जनताको विश्वास टिक्दैन...

यस्तो वातावरणमा डर र असहजता बन्छ । यस्तो डरले लोकतन्त्र गहिरिने होइन, झनै कमजोर बन्छ । जनताले बोल्न, लेख्न र प्रश्न गर्न नपाउने व्यवस्था लोकतन्त्र होइन, त्यो त साजिसमा चलेको शासन हो ।

अहिलेको पुस्ताले राजनीतिको नाममै वितृष्णा राख्न थालेको छ किनभने उनीहरूले देखेको राजनीति अवसरवाद, स्वार्थ र अस्थिरता हो । शिक्षित युवाहरू देश छाड्न तयार छन् किनभने उनीहरूले यहाँ सम्भावना देखेका छैनन् । जब देशभित्रै गरिखाने वातावरण बन्द हुन्छ, तब गणतन्त्रको औचित्यमै प्रश्न उठ्छ ।

जनतालाई जीवनमा परिवर्तन नल्याउने परिवर्तनको के मूल्य ? गणतन्त्रले जागिर दिएको छैन, स्वास्थ्य र शिक्षामा पहुँच दिएको छैन, सुरक्षाको प्रत्याभूति दिएको छैन, त्यसैले वितृष्णा बढेको हो । अन्ततः समस्या व्यवस्थामा होइन, त्यसलाई व्यवहारमा उतार्न नसक्ने नेतृत्वमा छ । जब नेतृत्वको चरित्र परिवर्तन हुँदैन, जब जनता होइन, सत्ताको लोलुपता प्राथमिकता बन्छ, तब कुनै पनि प्रणालीप्रति जनताको विश्वास टिक्दैन ।

त्यसैले, आज वितृष्णा लोकतन्त्रप्रति होइन, यो प्रणालीलाई बदनाम बनाउने प्रवृत्तिप्रति हो । अझै समय छ, नेतृत्वले आत्मसमीक्षा गरोस्, लोकतन्त्रलाई सजावटको वस्तु होइन, व्यवहारमा लागू हुने प्रणाली बनाओस् । नत्र जनताको वितृष्णा एक दिन आक्रोशमा परिणत हुन सक्ने छ ।

## इतिहासमा आज

२७ अप्रिल १९४१ मा जर्मन सेनाले एथेन्स कब्जा गरेको थियो ।



२७ अप्रिल १९६१ मा पश्चिम अफ्रिकी शहर सियरा लियोनले बेलायतबाट स्वतन्त्रता घोषणा गरेको थियो ।



२७ अप्रिल १९८७ मा अमेरिकी न्याय विभागले अष्ट्रियाका चान्सलर कर्ट वाल्डहेमलाई अमेरिका प्रवेशमा प्रतिबन्ध लगाएको थियो ।



२७ अप्रिल १९८९ मा बंगलादेशमा आएको आँधीका कारण ५०० जनाको मृत्यु भएको थियो ।



# के खोजिरहेका छन् शिक्षकहरू ?

**विचार**



● शिव विक 'मिलन'

> शिक्षकहरूले आफूले पाएको जिम्मेवारी निर्वाह गर्न सक्नुपर्ने हो भने तिनलाई आवश्यक वातावरण, सम्मान तथा सुविधा दिनु अत्यावश्यक छ । शिक्षकको समस्या समाधान नगरी शिक्षा सुधारको कल्पना गर्न सकिन्नँ...

नेपाली शिक्षकहरूको समस्या बहुआयामिक छ, जुन शिक्षण पेसाको गरिमा, शिक्षालयहरूको संरचना, सरकारी नीतिहरू, सामाजिक दृष्टिकोण र व्यक्तिगत जीवनस्तरसँग गाँसिएको छ ।

शिक्षालाई राष्ट्रको मेरुदण्ड भनिए पनि शिक्षकमाथिको ध्यान भने यथोचित देखिँदैन । उनीहरूलाई राष्ट्र निर्माणको आधारस्तम्भ मानिन्छ तर व्यवहारमा त्यो सम्मान र सुविधा प्रायः देखिँदैन ।

सरकारी विद्यालयमा कार्यरत शिक्षकहरूले पहिलो कुरा नियमित तलब र सेवा, सुरक्षाको सुनिश्चितता खोजेका छन् । तलब समयमै नआउनु, दसैं वा अन्य चाडबाडमा समेत पारिश्रमिक नपाउनु, सेवा स्थायित्वका विषयमा अन्योल हुनु, यी समस्या बारम्बार उठिरहेका छन् ।

सँगै, नीतिगत अस्पष्टता र अनियमित नियुक्ति प्रक्रियाले शिक्षकमाथि मानसिक तनाव सिर्जना गर्छ । कतिपय शिक्षकहरू वर्षौं अस्थायी अवस्थामा काम गरिरहन बाध्य छन्, जसले उनीहरूको पेसागत मनोबलमा गम्भीर असर पार्छ ।

अर्को ठूलो चुनौती शिक्षण सिकाइ प्रक्रियासँग सम्बन्धित छ । अधिकांश सरकारी विद्यालयहरूमा भौतिक पूर्वाधारको चरम अभाव छ । कक्षाकोठा पर्याप्त छैनन्, पुस्तकालय, विज्ञान प्रयोगशाला, प्रविधिमैत्री सिकाइ उपकरणहरूको निकै कमी छ । यस्तो अवस्थामा शिक्षकले विद्यार्थीसँग गुणस्तरीय सिकाइ सुनिश्चित गर्न सक्दैनन् ।

फेरि पाठ्यक्रम परिमार्जन वा नीतिगत परिवर्तनहरूबारे शिक्षकहरूलाई समयमै आवश्यक तालिम र मार्गदर्शन नदिइनु अर्को समस्या हो ।

शिक्षकहरूका लागि तालिम तथा पेसागत विकास कार्यक्रमहरू निकै अपुग देखिन्छन् । यस्ता तालिमहरूमा सहभागिता बाध्यकारी हुँदाहुँदै पनि व्यावहारिक रूपमा प्रयोग गर्न सकिने सामग्री वा सीपहरू सिकाइँदैन । यसले उनीहरूलाई अपूर्ण ज्ञानसहित कक्षाकोठामा जान बाध्य पार्छ ।

शिक्षकहरूको सामाजिक स्थानसमेत चिन्ताको विषय बनिरहेको छ । खासगरी ग्रामीण क्षेत्रमा शिक्षकलाई अझै पनि कम बेतनसहितको सेवक जस्तै व्यवहार गरिन्छ । अभिभावक, समाज तथा विद्यालय व्यवस्थापन समितिको नजरमा शिक्षकको इज्जत घट्दो क्रममा छ । शिक्षालाई प्रतिष्ठित पेसा नमानिने प्रवृत्तिले नयाँ पुस्तालाई यो पेसातर्फ आकर्षित गर्न सकिरहेको छैन ।

साथै, निजी विद्यालयमा कार्यरत शिक्षकहरूको अवस्था झनै दयनीय छ । उनीहरू न्यून पारिश्रमिकमा दिनभर काम गर्छन् तर सामाजिक सुरक्षाको कुनै प्रत्याभूति छैन ।

श्रम कानुन लागू हुने अवस्था छैन, बिदा सुविधा सीमित छ र उनीहरू व्यवस्थापनको दया उपर निर्भर छन् । त्यसमाथि विद्यार्थीको नतिजा कमजोर भएमा शिक्षकमाथि सिधा दोषारोपण हुन्छ, जसले थप मानसिक दबाब सिर्जना गर्छ ।

शिक्षकहरूको व्यक्तिगत जीवनमा पनि यस्ता समस्याले असर पारिरहेको हुन्छ । पर्याप्त आय नभएपछि परिवार पाल्न गाह्रो हुन्छ, छोरा-छोरीको पढाइ, स्वास्थ्य जस्ता आधारभूत कुराहरूमा समेत सम्झौता गर्नुपर्ने हुन्छ ।

यही आर्थिक अभावकै कारण कतिपय शिक्षकहरू अतिरिक्त आम्दानीको खोजीमा ट्युसन, कोचिङ सेन्टर वा अन्य पेसागत वैकल्पिक मार्गतर्फ आकर्षित हुने गरेका छन्, जसले उनीहरूको मूल शिक्षण कार्यमा ध्यान खस्किन्छ ।

अन्त्यमा, शिक्षकहरूले आफूले पाएको जिम्मेवारी निर्वाह गर्न सक्नुपर्ने हो भने तिनलाई आवश्यक वातावरण, सम्मान तथा सुविधा दिनु अत्यावश्यक छ । शिक्षकका समस्या समाधान नगरी शिक्षा सुधारको कल्पना गर्न सकिन्नँ ।

सरकार, समाज, शिक्षालय र स्वयं शिक्षकबीच पारदर्शी, जिम्मेवार र सहकार्ययुक्त सम्बन्ध विकास भए मात्र शिक्षण पेसाको वर्तमान अवस्था सुधारिन सक्छ । शिक्षक सशक्त भएमा मात्र राष्ट्र सशक्त हुन्छ भन्ने मूल मन्त्र आत्मसात् गर्दै यथाशीघ्र समस्याको समाधानतर्फ अग्रसर हुन आवश्यक छ ।

# मुस्लिमहरूका लागि हज

**विचार**



● इसत्याक अहमद

इस्लामअनुसार संसारकै मुस्लिमहरूलाई १ पटक हज जानुपर्छ । इस्लाममा ५ फरज छ । जसमध्ये माहात्म् पुनः हज हो, हज गरेपछि इस्लामिक ५ अरकान पूरा हुनेछन् । हजमा जाने व्यक्तिको हजमा खर्च गर्नुपरे रकम शुद्ध हुनुपर्छ, इस्लाम धर्मका अनुसार उक्त रकम आफूले मेहनत गरी कमाइएको रकम हुनुपर्छ वा जमिन बिक्री बापत पाएको पैसा हुनुपर्छ । केही व्यक्तिहरूलाई हजमा जान अत्यन्तै आध्यात्मिक अनुभव लाग्छ, त्यसैले उनीहरू पटक-पटक गइरहेको अवस्था पनि देखिएको छ ।

केहीले अरूको तर्फबाट हज गर्छन्, जसलाई इस्लाम धर्मले अनुमति दिएको छ । तर, यो व्यक्ति विशेषका लागि हुन्छ र व्यापारिक रूपमा गर्दा जसको फल प्राप्त हुँदैन । केहीले हजको नाममा आर्थिक लाभ खोज्ने सम्भावना पनि राखेको पाइन्छ, जस्तै, हज ट्राभलको व्यापार वा सरकारी सुविधाको दुरुपयोग । मुस्लिम संघ संस्थामा हजको नाममा बिचौलियाहरू हाबी भएको पाइन्छ । केही परिवार, आफन्तलाई सेटिङ गरेर पठाइने व्यवस्था मिलाएको पाइन्छ ।

पहिले हज गरिसकेको छ कि छैन भन्ने आधारमा तथ्यांकमा आधारित छनोट गरिएन भने बारम्बार जानेको संख्या बढ्न सक्छ । त्यस्ता व्यक्तिको आर्थिक अवस्था बुझ्न जरुरी देखिएको छ । यदि कुनै व्यक्तिले प्रत्येक वर्ष जाने आर्थिक क्षमता राख्छ भने त्यो उसैको व्यक्तिगत विषय हो तर, यदि उसले अरूको अधिकार खोसेर, अथवा संघ संस्था र सरकारी सुविधा लिइरहेको छ भने त्यो अनैतिक हुन्छ ।

केही व्यक्तिले अरूको तर्फबाट 'हज बदल' भन्दै पैसा लिएर हज गरिरहेको पनि पाइन्छ । जुन निकै गलत कर्म हो । जसलाई कानुनले पनि कारबाहीको दायरामा ल्याउन आवश्यक छ । जसको लागि अत्यधिक बारम्बार जानेको सूची सार्वजनिक गर्दा गलत मानिस पत्ता लाग्न सक्छ । इस्लाम धर्मअनुसार हज जीवनमा एक पटक गर्ने फर्ज हो, यदि व्यक्ति शारीरिक, मानसिक र आर्थिक रूपले सक्षम छ भने । त्यसैले, हरेक वर्ष हजमा जानु इस्लामिक दृष्टिले आवश्यक छैन - यो फर्ज एक पटक पूरा भएपछि, त्यसपछि गर्ने हज ऐच्छिक मानिन्छ ।

यदि सरकारको तर्फबाट केही अनुदान, सहुलियत वा प्राथमिकता दिइएको छ भने हरेक वर्ष एकै व्यक्तिले त्यसको फाइदा उठाउनु अनुचित हुन्छ । सबै नागरिकलाई समान अवसर दिनुपर्ने शासन प्रणालीमा यो असमान व्यवहार हो । सरकारले वा हज समितिले यस्तो व्यवस्था गर्न सक्नेछ जहाँ पहिल्यै हज गरिसकेकाहरूलाई नयाँ उम्मेदवारहरूलाई प्राथमिकता दिइनेछ । वार्षिक सूची पारदर्शी बनाउनु एकदमै आवश्यक छ । यदि जुन व्यक्तिहरूले पटक-पटक हजमा गइरहेको छ भन्ने नेपाल सरकार गृह मन्त्रालयले रोक लगाउन जरुरी छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# 'सरकारप्रति जनताका गुनासा बढे'

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १३ वैशाख

नेकपा एकीकृत समाजवादी उपाध्यक्ष तथा प्रतिनिधिसभा सांसद प्रकाश ज्वालाले सरकारले गर्नुपर्ने काम नगरेको कारण वर्तमान व्यवस्थाप्रति जनताको गुनासो बढेको बताएका छन् ।

एकीकृत समाजवादी अर्घाखाँचीको ८औं जिल्ला अधिवेशनको उद्घाटन गर्दै नेता ज्वालाले देशको अर्थतन्त्र अत्यन्त संकटपूर्ण अवस्थामा रहेको बेला वर्तमान सरकारले महंगी, भ्रष्टाचार, घूसखोरी र ढिलासुस्तीलाई बढावा दिएको आरोप लगाए ।

नेता ज्वालाले विद्रोहबाट जन्मिएको पार्टी एकीकृत समाजवादी भएकाले यसले जनताको पक्षमा उल्लेखनीय काम गरेर अन्य पार्टी भन्दा फरकपना देखाउनुपर्ने बताए । आफ्नो पार्टीका



बारेमा जनताले कुनै प्रश्न उठाउन नसक्ने गरी काम गनुपर्ने पनि उनले बताए । मनमोहन अधिकारी लगायतका नेताहरूको त्याग र प्रेरणालाई सबैले आत्मसात गरेर देशको विकासको पक्षमा पार्टीलाई गठित गरेर सपना पूरा गनुपर्ने उनले बताए ।

कार्यक्रममा एकीकृत समाजवादीका केन्द्रीय उपमहासचिव तथा लुम्बिनी प्रदेशका इन्चार्ज सभासद भेटमणी चौधरीले भुटानी शरणार्थी काण्ड, गिरिबन्धु टिस्टेट लगायतका घटनाको निष्पक्ष छानबिन गनुपर्ने बताए ।

कार्यक्रममा केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज पिताम्वर सारू, केन्द्रीय सदस्य तथा सह-इन्चार्ज सुशील भट्टराई, निर्वाचन आयोग सदस्य कृष्ण ब.रायमाझी, प्रदेश कमिटी अध्यक्ष मोति श्रीपाली, लेखा आयोग केन्द्रीय सदस्य पवित्रा बेल्बासे र नेपाली कांग्रेस लुम्बिनी प्रदेश सदस्य शान्ता भण्डारी लगायतले मन्तव्य राखेका थिए ।

# बेरोजगार युवा-युवती लक्षित ब्युटी पार्लर र कम्प्युटर तालिम सम्पन्न



**लमजुङ/मस-** लमजुङमा बेरोजगार युवायुवती लक्षित ब्यूटी पार्लर र कम्प्युटर तालिम सम्पन्न भएको छ । बेरोजगार युवायुवतीलाई सीप र स्वरोजगार बनाउने लक्ष्यका साथ पर्यटन तथा उद्योग कार्यालय लमजुङको आयोजनामा तीन महिने आधारभूत ब्यूटी पार्लर र आधारभूत कम्प्युटर तालिम सम्पन्न भएको हो ।

कार्यालयले चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत सो सीप प्रदान गरेको हो । कार्यक्रमको समापन गर्दै बेसीशहर नगरपालिका उपप्रमुख पद्मा गुरुङले यस्ता तालिमले स्वरोजगार बन्न मदत्त पुग्ने र सिकेको सीप सुदपयोग गर्दै व्यवहारमा उतार्नुपर्नेमा जोड दिइन् । युवाहरुले कुनैपनि अवसर गुमाउन नहुने र यसका लागि सीप सिकेर दक्ष बन्नुपर्ने उनको भनाइ छ ।

पर्यटन तथा उद्योग कार्यालय लमजुङका प्रमुख अकलबहादुर सिजापतिले स्वरोजगारको सृजना गर्ने उद्देश्यले वर्षेनी कार्यालयले विभिन्न सीपमूलक तालिम सञ्चालन गर्दै आएको र यस्ता तालिमले युवायुवतीलाई उद्यमी बनाउन टेवा पुग्ने बताए । उनले कम्प्युटर तालिममा २० जना र बेसिक ब्यूटी पार्लर तालिममा १५ जना महिला गरी ३५ जना युवायुवतीलाई तालिम प्रदान गरिएको बताए ।

ब्यूटी पार्लर तालिमका प्रशिक्षक रिता घले र कम्प्युटर तालिमका प्रशिक्षक सन्जोग लामिछाने लगायतले मन्तव्य राखेका थिए ।

# गुरुङ बुद्धिजम परिषद्को महाधिवेशन हुँदै




काठमाडौं/मस- अन्तर्राष्ट्रिय गुरुङ बुद्धिजम परिषद्, नेपालको पहिलो अन्तर्राष्ट्रिय सम्मेलन आगामी असोज ९ र १० गते काठमाडौंमा आयोजना हुने भएको छ। सम्मेलनमा नेपाल, भारत भुटान र संयुक्त राज्य अमेरिका,बेलायत, अष्ट्रेलिया लथायत करिब १ दर्जन देशमा बसोबास गर्ने बौद्ध धर्मालम्वी गुरुङ समुदायको सहभागिता रहने बताइएको छ। महाधिवेशनले 'गुरुङ बुद्धिजम' को अवधारणा र यसले अपनाउने संस्कार, संस्कृतिका बारेमा विस्तृत छलफल गरी 'गुरुङ बुद्धिजम पेक्ष्या' नामक निर्देशिका जारी हुने राष्ट्रिय गुरुङ बुद्धिजम परिषद नेपालका अध्यक्ष धुव्र बहादुर गुरुङले बताए । उनले विश्वभर छरिएर रहेका बौद्ध धर्म मान्ने गुरुङ समुदायका सदस्यलाई महाधिवेशनमा सहभागि हुन आग्रहुगरेका छन् ।

सम्मेलनको तयारी स्वरूप वैशाख १३ गते काठमाडौंको तमू बौद्ध सेवा समिति, वैशाख १५ गते पोखरास्थित बौद्ध अर्घौं सदन, वैशाख १६ गते पोखराको पार्दी तमू समाज र वैशाख २० गते झापाको माईधारस्थित गुरुङ गुम्बामा पूर्व क्षेत्रका गुरुङ समुदायका सदस्य तथा लामा गुरुङहरूसँग बौद्ध धर्म र गुरुङ संस्कार, संस्कृतिबारे विस्तृत छलफल तथा सुझाव संकलन कार्यक्रम आयोजना गरिने आयोजकले जनाएको छ। यसैगरी, नेपाल, भारत भुटान र संयुक्त राज्य अमेरिका गरी चार देशका प्रतिनिधिहरूसँग जेठ ३ गते भारतको सिलगुढीमा, जेठ ४ गते सिक्किमको मेघीडाँडास्थित रिन्छेनछोइलिङ गुम्बा, जेठ ५ मा गान्तोक, जेठ ६ गते याङ-याङ लगायत भारतका दार्जलिङ र खर्साङमा अन्तरक्रिया एवम् छलफल कार्यक्रम आयोजना गरिने छ ।

# कोशीमा पर्यटकको चहलपहल बढ्यो



विराटनगर/मस-प्रदेशको पर्यटन विकास र प्रवर्द्धनका लागि कोशी प्रदेश सरकारले पर्यटन वर्ष २०८२ मनाइरहेको छ। छिमेकी मुलुक भारत र तेस्रो मुलुकबाट १५ लाख पर्यटक भित्र्याउने लक्ष्यसहित सुरु गरिएको पर्यटन वर्षले प्रदेशवासीमा उत्साह थपेको छ। कोशीमा पर्यटन वर्ष सुरूसँगै, पर्यटकको चहलपहल बढ्न थालेको छ ।

पर्यटकको चहलपहल बढ्दा पर्यटन तथा होटल व्यवसायी उत्साहित भएका छन् । भारतको बिहार राज्यबाट इलामको कन्याम घुम्न आएका कम्लेश शर्मा भन्छन्, 'नेपाल वास्तवमै स्वर्गको टुक्रा रहेछ, सुनेकोभन्दा पनि धेरै राम्रो लाग्यो, साथीहरूसँग नेपाल घुम्न आएको दुई दिन भयो, एक साता बसेर मात्र फर्कने योजना बनाएका छौं ।'

कोरोना महामारीपछि थलिएको पर्यटन क्षेत्रलाई पुनः चलायमान बनाउन कोशी प्रदेश सरकारले पर्यटन वर्ष २०८२ कार्यक्रम ल्याएको हो । 'हामी होटल व्यवसायी एकदमै खुसी छौं, आशा छ पर्यटन वर्ष २०८२ ले कोरोना महामारीपछि थलिएको होटल व्यवसाय अब चलायमान हुनेछ,' होटल एसोसिएसन भेडेटारका अध्यक्ष तुमराज लिम्बू भन्छन् ।

यहाँ विशेषगरी भारतीय पर्यटक आउने गरेका छन्। भन्सार पास भएर आइसकेका भारतीय पर्यटकलाई बढी मात्रामा चेकजाँचको झन्झट हुने गरेको गुनासो आइरहेकामा हाल पर्यटन वर्षलाई लक्षित गरेर सीमानाकामा पर्यटकीय सवारीसाधनलाई स्टिकर टाँसेर सहज बनाइएको अध्यक्ष लिम्बू बताउँछन्। कोशी प्रदेश सरकारले सीमानाकामा पर्यटकीय सवारीसाधनलाई स्टिकर टाँस्न सुरु गरेको छ ।

मुख्यमन्त्री हिक्मतकुमार कार्कीले भारतीय सवारीसाधनमा पर्यटन वर्षको स्टिकर टाँसेर अभियानको सुरुआत गरे। पर्यटकलाई सहज होस् भनेर यो अभियान सुरु गरेको प्रदेश सरकारले जनाएको छ । दैनिक १०० को हाराहारीमा भारतीय पर्यटकको सवारी भेडेटार आइरहेको बताउँदै अध्यक्ष लिम्बूले भेडेटार र आसपासमा १५ देखि २० हजार पर्यटकलाई राख्न सकिने व्यवस्थित होटल तथा होमस्टे रहेको बताउँछन् ।

गत सालभन्दा यो साल सुरुआती दिनमै आन्तरिक पर्यटकको चहलपहल बढेको अनुमान गर्न सकिने धनकुटा साँगुरीगढी-६ नाम्जेका होमस्टे सञ्चालक नगेन्द्र मगर बताउँछन् । अरू दिनभन्दा शुक्रबार र शनिबार पर्यटकको चाप बढी हुने यस ठाउँमा अरू दिनमा पनि पर्यटकको चाप बढ्न थालेको उनको भनाइ छ ।

नाम्जे थुम्की सामुदायिक होमस्टे व्यवस्थापन समितिअन्तर्गत १९ वटा घर आबद्ध छन् र ती घरमा ९० देखि १०० जनासम्म राख्न सकिने उनको भनाइ छ । पछिल्लो समय आन्तरिक पर्यटन गर्नेको सङ्ख्या बढेको बताउँदै घुम्नका लागि गाडी भाडामा लिने गरेको यातायात व्यवसायी मोरङ बेलबारी-९ का नगेन्द्र भट्टराई बताउँछन् ।

कोशी प्रदेश सरकारले निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन वर्ष २०८२ सञ्चालन गरिरहँदा प्रदेशको समग्र आर्थिक क्षेत्र चलायमान हुने र यो कार्यक्रम सफल बनाउन सबै आ-आफ्नो ठाउँबाट लाग्नुपर्ने नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउत बताउँछन् ।

२७ चैतमा गुराँसको राजधानी मानिने तेह्रथुमको तीनजुरे मिल्केमा उपप्रधानमन्त्री प्रकाशमान सिंहले पर्यटन वर्ष उद्घाटन गरेका थिए । पर्यटन वर्षमा विशेषगरी धार्मिक, प्राकृतिक, सांस्कृतिक पर्यटक कोशी घुम्न आउने कोशी पर्यटन वर्ष २०८२ का सहसंयोजक भविष श्रेष्ठ बताउँछन् । उनका अनुसार धार्मिक, प्राकृतिक, सांस्कृतिकसँगै शिक्षा, स्वास्थ्य, खेलकुदलगायत क्षेत्रका पर्यटक यहाँ आउने गरेका छन् ।

# निःशुल्क स्वास्थ्य शिविर सुरु



**सूर्यप्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, १३ वैशाख

रोल्पाको परिवर्तन गाउँपालिका-२ राङ्सीमा निःशुल्क स्वास्थ्य शिविर सुरू भएको छ । शनिबारदेखि सुरू भएको शिविर मंगलबारसम्म संचालन हुनेछ ।

परिवर्तन गाउँपालिका पुतलाचौरको समन्वय, परिवर्तन गाउँपालिका-२ राङ्सी वडा कार्यालय र जनसेवा नमूना मावि राङ्सीको व्यवस्थापक तथा कादुरी एग्रीकल्चरल एण्ड एसोशिएसन ब्रीटिस गोर्खाज नेपाल कास्की-१६ पोखराको आयोजनामा जनसेवा नमूना माविको प्राङ्गण परिवर्तन गाउँपालिका-२ राङ्सीमा शिविर सुरू भएको हो ।

शिविर सुरू हुनुभन्दा पहिले कादुरी एग्रिकल्चरल एण्ड एसोशिएसन पोखराका कार्यक्रम डाइरेक्टर क्याप्टेन राजन राई र असिस्टेन्ट ज्याम याङ्ग गुरुङ गरी करिब ३४ जना विशेषज्ञको डाक्टर टोलीहरुलाई परिवर्तन गाउँपालिका अध्यक्ष सुकबहादुर बुढा मगर, उपाध्यक्ष कलादेवी खत्रेनी,परिवर्तन गाउँपालिकाका प्रवक्ता तथा २ का वडाध्यक्ष हरिप्रसाद बुढा मगर र कादुरी एग्रिकल्चरल एण्ड एसोशिएसन पोखरासँग शिविरका लागि पहलकर्ता, समाजसेवी,निवेदक व्यक्ति तथा जनसेवा नमूना माविका विद्यालय व्यवस्था समितिका अध्यक्ष चिजबहादुर विक लगायत स्थानीय आमा समूहले टीका,माला लगाइदिएर स्वागत गरेका थिए । परिवर्तन गाउँपालिकाका अध्यक्ष सुकबहादुर बुढा मगर र प्रवक्ता तथा वडा नं २ का वडाध्यक्ष हरिप्रसाद बुढा मगरले निःशुल्क शिविर सञ्चालनप्रति सहयोगी संस्थालाई धन्यवाद व्यक्त गरे ।

# जम्मु-कश्मीर आक्रमणमा मृत्यु भएकाको सम्झनामा श्रद्धाञ्जली सभा



काठमाडौं/मस-भारतीय दूतावासले जम्मु-कश्मीरको पहलगाममा २२ अप्रिलमा भएको आतंककारी आक्रमणमा परी मृत्यु भएका २६ निर्दोष नागरिकको सम्झनामा श्रद्धाञ्जली सभा आयोजना गरेको छ ।

भारतीय राजदूत नवीन श्रीवास्तवले शान्ति र सहअस्तित्वका साझा मूल्यहरूलाई यस्ता क्रूरतापूर्ण घटनाले कमजोर पार्न नसक्ने बताए । उनले भने, 'हामी दुबै देश मिलेर आतंकवाद रोक्न र नागरिकको सुरक्षित भविष्य सुनिश्चित गर्न प्रतिबद्ध छौं ।'

कार्यक्रममा परराष्ट्र मन्त्री डा. अराजू राणा देउवाले सरकारको अडान स्पष्ट पार्दै दूतावाससँगको समन्वयलाई अझ सुदृढ बनाइने प्रतिवद्धता जनाइन् । श्रद्धाञ्जली सभामा नेपाली कांग्रेसका वरिष्ठ नेता डा. शेखर कोइराला, पूर्वपरराष्ट्र मन्त्री डा. एन.पी. साउद, लोसपाका अध्यक्ष महन्थ ठाकुर र नेपाली कांग्रेसका सांसद राजेन्द्र बजगाईं लगायत सहभागी थिए ।

# पुरुषको शव फेला

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १३ वैशाख

रौतहट सदरमुकाम गौर नगरपालिका १ मा एक पुरुषको शव फेला परेको छ । बाटोमा शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।

सूचना पाएलगत्तै जिल्ला प्रहरी कार्यालय रौतहटबाट प्रहरीको टोली घटनास्थलमा पुगेर शवको अनुसन्धान सुरु गरेको छ । प्रहरीका अनुसार मृतकको उमेर करिब ३० वर्षको आसपास देखिन्छ भने उनको पहिचान खुल्न सकेको छैन । घटनाको प्रकृति शंकास्पद रहेको प्रहरीले जनाएको छ । शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाइएको छ ।


## काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

**पहिलो पटक प्रकाशन मिति २०८२/०१/१४**

यस कुसुमादेवी महिला सामुदायिक वन उपभोक्ता समुह बारबर्दिया न. पा. ०४, वरवट्टा, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको सिमल गोलिया थान ५६० को २६२१.०६ घ.फि., र गुटेल गोलिया थान २३१ को ५००.१७ घ.फि., गरि जम्मा ३१२१.२३ घ.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजेभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समुहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री कुसुमादेवी सामुदायिक वन उपभोक्ता समुह,**
**बारबर्दिया न.पा. ०४ वरवट्टा, बर्दिया ।**
**मो.नं. ९८२८२३१२१५**



## काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

**पहिलो पटक प्रकाशन मिति २०८२/०१/१४**

यस गौतमबुद्ध सामुदायिक वन उपभोक्ता समुह गुलरिया न. पा. ०४, कमलपुर, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको सिमल गोलिया थान १९८ को ६६६.७३ घ.फि., र गुटेल गोलिया थान १३६ को ४७९.७४ घ.फि., र डुम्री गोलिया थान ८३९ को ३३८०.५३ घ.फि. गरि जम्मा ४५२७.०० घ.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजेभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समुहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री गौतमबुद्ध सामुदायिक वन उपभोक्ता समुह,**
**गुलरिया न.पा. ०१ कमलपुर, बर्दिया ।**
**मो.नं. ९८५८०७८७८६**



## काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

**पहिलो पटक प्रकाशन मिति २०८२/०१/१४**

यस जमुनाफाँटा महिला सामुदायिक वन उपभोक्ता समुह बारबर्दिया न. पा. ०६, गुलरा, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको सिमल गोलिया थान ७३९ को २८५४.२६ घ.फि., गुटेल गोलिया थान ३० को ६१.४१ घ.फि., र डुम्री गोलिया थान १४ को २८.२३ घ.फि. काठ गरि जम्मा २९४३.९० घ.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजेभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समुहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री जमुनाफाँटा महिला सामुदायिक वन उपभोक्ता समुह,**
**बारबर्दिया न.पा. ०६ गुलरा, बर्दिया ।**
**मो.नं. ९८१३५४८६५२**



## Infrastructure Development Office

**Manma, kalikot**

**Invitation for Bids**

**IFB No: 5-081/082**
**Date of First Publication: 2082/1/14 (27th April, 2025)**

1. Infrastructure Development Office (IDO), Manma, Kalikot invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number/Work Description | Estimated Amount without VAT & Contingencies (NRs | Bid Validity /Bid Security Validity Period | Bid Security Amount (NRs) | Bid Document Fees (NRs) |
|---|---|---|---|---|---|
| 1 | IDO/KKT/W/NCB/19/081-082 Nagmabazzar dekhi Melsera hudai Bajedi Road Tilagupha Na. Pa. 1, Kalikot | 25,63,190.69 | 90/120 days From Bid opening date | 72,000 | 3000 |

2. Eligible Bidders may refer complete set of Bid document for further information at Infrastructure Development Office (IDO), Manma, Kalikot Telephone No 087-440155 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**



## जो जससँग सम्बन्धित छ


नाम र जन्म मिति फरक परेको व्यक्ति

रत्ननगर नगरपालिका वडा नं. ९ निवासी भारतीय सेनाका पेन्सनर नं. १३९८९१५५X (TS-261967) HAV ACP-I राम बहादुर गुरुङ (पल्टन सेना चिकित्सा कोर (AMC)) ले निजकी श्रीमती सरस्वती मेघासी मल्लको नागरिकताको प्रमाणपत्र नं. ७७७१, जारी मिति २०५२।२।७ साथै जन्म मिति २०२८।८।२९ (AD 1971-12-15) भएको र भारतीय पेन्सन अभिलेखमा नाम सरस्वती मल्ल र जन्म मिति (AD 1971-12-14) भएकोले जिल्ला प्रशासन कार्यालय पर्वत, कुश्माको, पत्र संख्या ०७५/०७६, चलानी नं. १५२३ को सिफारिस पत्र अनुसार दुवै जन्म मिति र नाम भएको व्यक्ति फरक फरक नभई एकै व्यक्ति राम बहादुर गुरुङकी श्रीमती भएको व्यहोरा प्रमाणित गरिएको छ ।



## लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०१/१४**

यस सा.व.उ.स. बाट संकलित साल गोलिया काठ ६१३.६७ क्यु फिट लिलाम बिक्री गर्नु परेकोले सूचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

**वाहुनपोखरा सा.वन उपभोक्ता समूह, व्यास ८, तनहूँ ।**

# ज्ञवाली १ दर्जन कवितामा गुञ्जिए

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ वैशाख ।

छन्दकवि, साहित्य अभियन्ता, समालोचक प्रा. डा. रामप्रसाद ज्ञवालीको एकल कवितावाचन शनिबार काठमाडौंमा सम्पन्न भएको छ । 'अविरल जनसाहित्य यात्रा'को ९८औं शृंखलामा साहित्य सिर्जना, प्राध्यापन, शैक्षिक संस्थामा नेतृत्व तथा सामाजिक रूपान्तरण अभियानमा क्रियाशीलता जनाइरहेका र छन्द बचाऊ अभियानका अभियन्तासमेत रहेका ज्ञवाली एक दर्जन छन्दकवितामा गुञ्जिए ।




डा. हरिप्रसाद सिलवालले कवि ज्ञवालीको परिचय दिएका थिए । २०५४ सालदेखि प्राध्यापन पेसामा प्रवेश गरेका ज्ञवाली हाल त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा प्राध्यापकका रूपमा कार्यरत रहँदै सिर्जना र समालोचना कर्ममा सक्रिय रहेका सिलवालले बताए । त्यसैगरी पूर्वप्राथमिकदेखि स्नातकोत्तर तहसम्मका दर्जनौं पाठ्यपुस्तकका लेखकसमेत रहेका ज्ञवालीले विभिन्न ६ वटा साहित्यिक पत्रिकाको सम्पादन पनि गरेका तथा विभिन्न संस्थाको स्थापनासमेतमा सक्रियता देखाएका ज्ञवालीको साहित्य साधनाको सम्मान गर्दै स्वदेशी तथा विदेशी गरी करिब ४ दर्जन सम्मान तथा पुरस्कार उनले प्राप्त गरेका सिलवालले बताए ।

कवि ज्ञवालीले कविता सिर्जनाको रचनागर्भका बारेमा जानकारी गराउँदै आफूले कविता सिर्जनाबाटै साहित्ययात्राको थालनी गरेको र निरन्तर साधना एवं आफ्नो क्षेत्रबाट सामाजिक रूपान्तरण अभियानमा केही न केही योगदान गर्नुपर्छ भनेर आजपर्यन्त क्रियाशील भइरहेको र सकेजति सक्रियता देखाइरहेको बताए ।

आफू ढलेर दुनियाँलाई उठाउने व्यक्ति मात्र सच्चा कवि हुन्छ भन्ने मान्यता राख्ने कवि ज्ञवालीका कवितामा देश, जनता र जनजीविकाको चिन्ता प्रकट भएको थियो ।

७ वटा पद्यकविता ज्ञवालीले वाचन गरेका थिए भने सहयोगी कवि दामोदर अधिकारीले मन्दाक्रान्ता छन्दको 'निर्मला पन्तलाई', शार्दूलविक्रीडित छन्दको 'स्वाभिमान छ भने' र गीतिछन्दको 'जाग जाग' शीर्षकका अनि दिनेश पाण्डेले अनुष्टुप् छन्दको 'सच्चा कवि' र चौबोला छन्दको 'शालिग्राम' शीर्षकका कविता वाचन गरेका थिए । सबै कवितामा संगीतकार शंकर योगीले संगीत दिएका थिए ।

वाचित कवितामाथि टिप्पणी गर्दै समालोचक प्रा.डा. रमेशप्रसाद भट्टराईले अहिलेको समयका अत्यन्त प्रखर स्रष्टा रामप्रसाद ज्ञवाली नेपाली कविताको विकासमा छन्द सिर्जनाका माध्यमबाट उच्च र अनुकरणीय योगदान गरिरहेका व्यक्तित्व रहेका बताए । कवि ज्ञवालीका कवितामा रचनादर्शन, विषयको गम्भीरता, श्रमको उच्चगान, प्रेमको सौन्दर्य, सृष्टिसौन्दर्य, पर्याचेतना अत्यन्त सशक्त रहेको उनको भनाइ थियो ।

# साउदीमा राधिका र अर्जुनको प्रस्तुति हुने

**अन्जान गुभाजु/मध्यान्ह**
दमाम (साउदी अरब), १३ वैशाख ।

चर्चित गायिका राधिका हमाल र गायक अर्जुन सापकोटा साउदी अरब आउने भएका छन् । उनीहरूले अन्तर्राष्ट्रिय रोल्पाली सेवा समाज, साउदीको सातौं वार्षिकोत्सवका अवसरमा सांस्कृतिक प्रस्तुति दिने समाजका अध्यक्ष मोहन घर्तीले जनाकारी दिएको छ ।

कार्यक्रममा साउदी अरबमा सक्रिय स्थानीय कलाकारहरूको समेत विशेष प्रस्तुति रहने छ ।

'नेपाली कला, संस्कृतिको प्रवर्द्धन, बालबालिकालाई सहयोग हाम्रो अभियान' भन्ने नाराका साथ रोल्पाली सेवा समाज, साउदी अरबको आयोजनामा ६ जुनमा दमामस्थित फाइभ स्टार हलमा समाजको सातौं वार्षिकोत्सव भव्य रूपमा मनाइने भएको छ ।




वार्षिकोत्सवको अवसरमा हुने विशेष सांस्कृतिक कार्यक्रममा राष्ट्रिय स्तरका कलाकारहरूसँगै साउदी अरबमा रहेका सक्रिय स्थानीय कलाकार हरूको पनि विशेष प्रस्तुति रहने आयोजकले जानकारी दिएको छ ।

कार्यक्रममा नेपाली कला, संस्कृति र लोकधूनसँगै झुम्ने अवसर प्रदान गरिने छ भने त्यस अवसरमा विपन्न बालबालिकाको सहयोगार्थ विशेष अपिल गरिने अध्यक्ष घर्तीले बताए ।

# झुमाको स्वरमा 'ए ठूली' सार्वजनिक

**काठमाडौं/मस–** फिल्म 'ऊनको स्वीटर'को गीत 'काफ्ले'बाट गायिका तथा संगीतकार झुमा लिम्बू चर्चामा छन् । अहिले टिकटकको ट्रेन्डिङमा यो गीत छ । झुमा लिम्बूको स्वर र संगीतमा नयाँ गीत 'ए ठूली' सार्वजनिक भएको छ । यो गीत २६ वैशाखमा प्रदर्शन मिति तोकिएको फिल्म 'जार'मा समावेश छ । निर्माण पक्षले सार्वजनिक गरेको यस गीतमा गायनमा झुमालाई पवन गिरीले साथ दिएका छन् । यो गीतका लेखक भने हर्क साउद हुन् ।



लोकलयमा आधारित यस गीतले प्रेमको भाव बोकेको छ । लाहुरमा रहेको प्रेमीलाई घाम, पानी, खोलाको सामना गर्दा दुःख पाइरहेको होला भन्दै घरमा बसेर चिन्ता गर्ने कोमल हृदयकी प्रेमिकाको कथा गीतमा छ ।

गीतले फिल्मको मूल कथा भन्ने निर्माण पक्षले जनाएको छ । गीतको भिडियोमा फिल्मका मुख्य कलाकार नायक सौगात मल्ल र नायिका गीताञ्जली थापा फिचर्ड छन् । 'जार' सन् १८०० को दशकमा नेपाली समाजमा घटेको यथार्थ घटनामा आधारित रहेको फिल्म निर्माण पक्षले जनाएको छ । यो फिल्म साहित्यकार इन्द्रबहादुर राईको ऐतिहासिक कथामा आधारित छ ।

फिल्ममा सौगात र गीताञ्जलीसहित, अनुपविक्रम शाही मुख्य भूमिकामा छन् । होप रिल्स, एलए सेभेन सर्टस, बराल स्टुडियो र किवा प्रोडक्सनको सहकार्यमा निर्माण भएको चलचित्रको छायांकन सिक्किममा गरिएको छ । फिल्मको निर्देशक फुर्वा छिरिङ लामा हुन् ।

# 'आचार्य'बाट डेब्यु गर्दै उषा



**काठमाडौं/मस-**म्युजिक भिडियोकी चर्चित मोडल उषा उप्रेतीले फिल्ममा डेब्यु गर्ने भएकी छन् । निखिल उप्रेतीले निर्देशन र निर्माण गर्न लागेको फिल्म 'आचार्य'मा उनी अनुबन्धित भएकी छन् ।

सामाजिक संजालमा निखिल र अभिनेत्री संचिता लुइँटेलसँगको फोटो शेयर गर्दै उप्रेतीले यसबारे जानकारी दिएकी छन् ।

फिल्ममा उनको भूमिका र चरित्र चित्रणबारे थप खुलाइएको छैन । अभिनेता निखिल उप्रेतीले चैतमा 'आचार्य' शीर्षकमा फिल्म निर्माणको इजाजत लिएका थिए । उषा म्युजिक भिडियोकी चर्चित मोडल हुन् ।

निखिलले यो फिल्म आफ्नो स्वप्न प्रोजेक्ट हुने बताइसकेका छन् । केही दिनअघि उनले पोखराको साराङकोटमा प्याराग्लाइडिङ गर्ने ठाउँको लोकेसन खोजी गरेको भिडियो सार्वजनिक भएको थियो ।


Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
**Project Office of Urban Development and Building Construction, Doti**

**Invitation for Bids (IFB)**

**Date of Publication: 2082/01/14 (27 March 2025)**

Project Office of Urban Development and Building Construction, Doti invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure. For more details, bidders may visit and download from e-GP system www.bolpatra.gov.np/egp.

| S. N. | Contract ID | Description of Works | Estimated Without Vat with ps | Bid Security Amount | Bid Fee |
|---|---|---|---|---|---|
| 1 | PUDBC/DOTI/NCB/WORKS/43-081/082 | Re-Construction Of District Jail, Baitadi | | 22,00,000 | 5,000 |
| 2 | PUDBC/DOTI/NCB/WORKS/44-081/082 | Re-Construction Of Basin Management Center Mahakali, Patan, Baitadi | | 9,00,000 | 5,000 |

## Barahathawa Municipality
## Office of the Municipal Executive
**Barahathawa (Sarlahi)**
**Madhesh Province, Nepal**

**Invitation for Bids**

**First published date: 2082-01-14**

1. Barahathawa Municipality invites sealed or electronic bids from eligible bidders for the procurement of following Item Under National competition Bidding (NCB) Procedure.

| Contract Identification No. | Description | Bidding Document NRS | Bid Security NRS | Estimated Amount (With VAT NRS) |
|---|---|---|---|---|
| BM/SB/NCB/16/2081/082 | Mukteshower Parkma Glass Sahit Ko Sky Bridge Nirman | 3000/- | 450,000/- | 1,82,61,122,88 |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Barahathawa Municipality or may visit e-GP system www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

## Belaka Municipality
## Office of the Municipal Executive
Rampur, Udayapur
Koshi Province, Nepal

**Invitation for Sealed Quotation**

Second Date of Publication: 2082/01/14 (27-04-2025)

1. The Belaka Municipality office invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under Sealed Quotation Procedure:

| S. N. | Contract ID No. | Name of Project | Estimated Amount Without VAT With PS | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | 16/BELAKA/SQ/W/2081-082 | Construction of Truss Structure at First Floor of Ward Office Building, Ward No. 9 | 1,723,954.98 | 50,000.00/- | 1000/- | 13-05-2025; 12:00 | 13-05-2025; 13:00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at PPMO'S website www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.

**Chief Administrative Officer**

## साउदीमा रोजगार
कम्पनी: GULF ASIA CONTRACTING COMPANY. शहर: DAHRAN
पूर्व स्वीकृत मिति: २०८२/०१/११ चलानी नं.: ६०२३६५७६ L.T. No.: 322538

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver (Heavy Driver) | 15 | 0 | स. काममा दक्ष | 1800 | ६५,३२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २१ गते (4 May 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.**
महाराजगंज, चुनदेवी, गैरीमार्ग, काठमाडौं (ब्राजिलियन राजदूतावासको पछाडी)
पो.ब.नं. १९३४६, फ्याक्स नं.: ४७२१८८८, फोन नं. ०१-४७२१६३३,
application@blueskyint.com.np मा सिधै Apply पनि गर्नसक्नु हुनेछ ।

## मलेसियामा रोजगार
कम्पनी: RISGUARD SDN. BHD. शहर: Jalan
पूर्व स्वीकृत मिति: २०८२/०१/१३ चलानी नं.: ६०२३६७०५ LT. No.: 322713

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 87 | 0 | स. काममा दक्ष | 1700 | ५३,०२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २१ गते (4 May 2025) मा हुनेछ ।**
**मलेसियाको सेक्युरिटी गार्डको हकमा उमेर २५ देखि ४३ वर्ष सम्मको हुनुपर्नेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**वि. एस. ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५४०/०६१/०६२
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En
पो.ब.नं.: १५१४२, सामाखुसी - ३, काठमाडौं, नेपाल फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@gmail.com website: www.bsoverseasnepal.com.np

## बहराइनमा रोजगार
कम्पनी: EXPLORE HOLIDAYS शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८२/०१/१२ चलानी नं.: ६०२३६६३४ L.T. No.: 322630

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५४,२९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Reservation Clerk | 1 | 0 | | 160 | ५७,९१२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ वैशाख २१ गते (4 May 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

